


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» शुक्रबार, साउन २७, २०७४ » Friday, August 11, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला गा: ४ » वर्ष २३, अंक २१३ » पृष्ठ १२ » मूल्य रू. १०/–

# जंगबहादुर शैलीमा सुरक्षा निकायको धम्की

## नियम र कानुनमा नै उल्लेख छैन 'कारबाही'

दीपक रिजाल, काठमाडौं

सुरक्षा निकायमा हालै बढुवा भएका अधिकृतहरूले सामाजिक सञ्जालमा फोटो पोस्ट गरेपछि सुरक्षा निकायको माथिल्लो निकायले फोटो किन हालेको भन्दै कारबाही गर्ने चेतावनी दिएपछि अहिले ती सुरक्षा निकाय आलोचनाको पात्र बन्न थालेका छन्।

लामो समयपछि बढुवा भएका सुरक्षा निकायका अधिकृतले दर्ज्यानी चिह्न लगाएको फोटो सामाजिक सञ्जालमा हालेको भन्दै ती सुरक्षा निकायका प्रधान कार्यालयले स्पष्टीकरण सोधेपछि यस विषयमा बहस शुरू भएको छ।

सुरक्षा निकायका ऐन तथा नियमावलीमा सामाजिक सञ्जालमा तस्वीर पोस्ट गरेमा के कस्तो कारबाही हुने कुनै कुरा उल्लेख नभए पनि ती सुरक्षा निकायको प्रधान कार्यालयले भने मौखिक आदेशको भरमा कारबाहीको धम्की दिएर उनीहरूको हुर्मत लिने काम गरेको भन्दै सुरक्षा निकायका प्रमुखहरूको आलोचना शुरू भएको छ।

गृहमन्त्री जनार्दन शर्माले पद बहाली गर्ने क्रममा कुनै पनि प्रहरी अधिकृतलाई जथाभावी नबोल्न र सामाजिक सञ्जालमा युनिफर्म लगाएका तस्वीर पोस्ट नगर्न मौखिक आदेश दिएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले विना कानुन जंगबहादुर शैलीमा कारबाही गर्ने चेतावनी नै विवादमा परेको छ। सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजु अर्यालले सामाजिक सञ्जालमा युनिफर्म लगाएका तस्वीर पोस्ट गरेर संगठनलाई होच्याउने जस्ता काम गर्नेमाथि कारबाही गर्ने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'सुरक्षा निकायको युनिफर्म लगाएर अस्वाभाविक अभिव्यक्ति दिने युनिफर्म लगाएर अन्य हर्कत गर्नेमाथि कारबाही गर्ने गरिएको छ।

सामाजिक सञ्जालमा फोटो पोस्ट गरेबापत कुन कानुन वा ऐनमा टेकेर कारबाही गर्नुभएको छ भन्ने प्रश्नमा एसएसपी अर्यालले भन्नुभयो- 'ऐनमा त्यस्तो कुनै व्यवस्था त छैन तर संगठनलाई अप्ठेरो पर्ने काम गर्नेलाई कारबाही गर्ने चेतावनी दिइएको हो।'

कुनै कानुन नै नबनाई जुन ढंगले सुरक्षा संगठनले कर्मचारीलाई धम्की दिनु न्यायोचित नभएको कानुन व्यवसायीहरू बताउँछन्। कानुन व्यवसायी रणबहादुर थेवे भन्नुहुन्छ- 'सुरक्षा निकायले विना नियम कानुन त्यसरी धम्की दिनु गैरकानुनी काम हो।' सुरक्षा निकायले नियम बनाएर कारबाहीको गर्नुपर्छ जसलाई जे मन लाग्यो त्यही गर्न पाइँदैन कानुन व्यवसायी थेवेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

नेपाल प्रहरीमा हालै बढुवा भएका एसएसपीदेखि प्रहरी निरीक्षकसम्मले सामाजिक सञ्जालमा बढुवा भएपछि दर्ज्यानी चिह्न लगाएका तस्वीर पोस्ट गरेपछि प्रहरी प्रधान कार्यालयले कारबाहीको धम्की दिएर विभिन्न सञ्चारमाध्यमलाई सूचना उपलब्ध गराएपछि यो विषय अहिले विवादमा परेको छ। प्रहरी प्रधान कार्यालयले ५० जना अधिकृतलाई कारबाहीको धम्की दिएपछि यसको कानुनी पक्षका विषयमा बहस शुरू भएको छ।

यसअघि नेपाली सेनाले आन्तरिक रूपमा सर्कुलर जारी गरेर युनिफर्मसहितका तस्वीरहरू पोस्ट नगर्न आग्रह गरे पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले अहिलेसम्म उक्त आन्तरिक सर्कुलरसमेत जारी गरेका छैनन्। दुवै संगठनको प्रधान कार्यालयले फोन गरेर सामाजिक सञ्चालमा तस्वीर पोस्ट गर्न अधिकृतहरूलाई कारबाही गर्ने धम्की दिएको छ। ती दुवै संगठनले कारबाही गर्न बताए पनि कुन ऐन र कानुनअनुसार कारबाही गर्ने केही बताएका छैनन्।

# बिमस्टेक मन्त्री स्तरीय बैठक शुरू

काठमाडौं, (नेस)

दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाली मुलुकलाई जोड्न बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने प्रधानमन्त्री शेरबहादुर देउवाले बताउनुभएको छ।

समान संस्कृति, इतिहास र भूगोलले क्षेत्रीय सहकार्यमा सघाउ पुऱ्याएको उहाँको भनाइ छ। विमस्टेकको १५औं मन्त्रीस्तरीय बैठकको उद्घाटनका अवसरमा बोल्दै प्रधानमन्त्री देउवाले भन्नुभयो- 'बुद्धिजमले सबै मानवजातिको आस्था, आपसी सम्बन्ध र विश्वासलाई नजिक्याएको छ, क्षेत्रीय सहकार्यका लागि बिमस्टेक कोशेढुंगा बन्न सक्छ।'

यद्यपि दक्षिण एसिया र दक्षिण पूर्वी एसियमा विद्यमान संक्रमणकालीन अपराध, लागूऔषध र हतियार ओसारपसारले क्षेत्रीय शान्ति र सद्भाव बिथोल्ने प्रयास गरेको उहाँले बताउनुभयो।

नेपाल आपराधिक गतिविधिको पक्षमा नरहेको प्रधानमन्त्री देउवाले प्रस्ट्याउनुभयो। विद्यमान गरिबी, जलवायु परिवर्तन, प्राकृतिक प्रकोपजस्ता कुराले क्षेत्रीय सहकार्यमा चुनौती थपेको उल्लेख गर्दै उहाँले परिणाममुखी नतिजाका लागि एक अर्को मुलुकबीच गतिलो हातेमालोको आवश्यकता औंल्याउनुभयो। देउवाले भन्नुभयो- 'क्षेत्रीय सहकार्य रहर होइन, बाध्यता हो, नेपाल क्षेत्रीय सहकार्यका साथ आर्थिक समृद्धि हासिल गर्न चाहन्छ।'

नयाँ संविधान जारी गरेपछि नेपाल आर्थिक समृद्धिको पथमा अघि बढिरहेको, संविधान कार्यान्वयन र विद्यमान राजनीतिक संक्रमण अन्त्यका लागि सबै पक्षलाई समेटेर विभिन्न चरणको निर्वाचनमा जुटेको विमस्टेक सदस्य मुलुकका प्रतिनिधिलाई अवगत गराउनुभएको थियो।

### क्षेत्रीय सहकार्यलाई परिणाममुखी बनाउन आग्रह

१५औं विदेश मन्त्रीस्तरीय बैठकको कार्यक्रम सत्र आज शुक्रबार शुरू हुँदै छ। विदेश मन्त्रीस्तरीय बैठक सन् २०१४ को मार्चमा म्यानमारको नेपीतोमा सम्पन्न तेस्रो बिमस्टेक सम्मेलनपछिको महत्त्वपूर्ण जमघट हो।

बिहीबार बैठकको उद्घाटन सत्रमा बोल्दै उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराले भूपरिवेष्ठित र अल्पविकसित मुलुकको आर्थिक समृद्धिका लागि बिमस्टेक जस्ता क्षेत्रीय निकाय पृथक् मञ्च बन्न सक्ने धारणा राख्नुभयो। बिमस्टेक स्थापनाको २ दशक अवधि पुगे पनि परिणामुखी नतिजा प्राप्त नभएको स्वीकार्दै उहाँले यसका लागि सदस्य मुलुकहरूबीच गतिलो साझेदारी अपरिहार्य रहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# वसन्तपुर दरबारको पुनर्निर्माण साउन ३१ बाट

ईश्वरराज ढकाल, काठमाडौं

नेपालको गौरवका रूपमा रहेको वसन्तपुर दरबारको पुनर्निर्माणको शुरुआत साउन ३१ गतेबाट हुने भएको छ। चीन सरकारले महत्त्वका रूपमा हेरेको वसन्तपुर दरबारको पुनर्निर्माणको शुरुआत चीनका प्रथम उपप्रधानमन्त्री वाङ याङले शुभारम्भ गर्नुहुने भएको छ। चीन सरकारको ९ करोड ५० लाख युआन अर्थात् करिब १ अर्ब ५२ लाख रुपियाँमा वसन्तपुरमा रहेको नौतले दरबार पुनर्निर्माण हुने भएको हो।

२०७२ साल वैशाख १२ गते गएको भूकम्पले ध्वस्त भएको नौतले दरबार र त्यससँगै रहेको कीर्तिपुर, भक्तपुर र काठमाडौं टावर पुनर्निर्माण गर्ने सम्झौता भएको करिब एक वर्षपछि सो दरबार पुनर्निर्माण हुन लागेको हो। वसन्तपुर दरबारको पुनर्निर्माणको शुभारम्भ कार्यक्रममा उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरा र संस्कृति तथा पर्यटनमन्त्री जितेन्द्र नारायण देवको समेत उपस्थिति हुने भएको छ।

नेपालको सम्पदा पुनर्निर्माणमा ठूलो सहयोग गर्दै आएको चीनले दरबार हाइस्कुल र नुवाकोटको सातत्ले दरबार, तलेजु रंग महललगायतका संरचना पुनर्निर्माण गर्ने भएको छ। चिनियाँ ठेकेदार आफैंले पुनर्निर्माण गरेपछि सम्पदाहरूको साँचो सरकारलाई हस्तान्तरण गर्नेछ।

(क्रमशः पृष्ठ ९ मा)

# अब किस्ताबन्दीमा सजाय भुक्तान गर्न पाइने

काठमाडौं, (नेस)

व्यवस्थापिका-संसद्को बिहीबारको बैठकले 'फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक २०७४ लाई सर्वसम्मतिले पारित गरेको छ। जसअनुसार अब जेल सजाय पाएकाहरूले किस्ताबन्दीमा सजाय भुक्तान गर्न सक्नेछन्। उनीहरूले शनिबार वा राति मात्रै जेल बसे पनि पुग्नेछ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री यज्ञबहादुर थापाले सो विधेयक पारित गरियोस् भनी बैठकमा प्रस्ताव गर्नुभएको थियो। मुलुकी ऐनलाई विस्थापन गर्न प्रस्तुत विभिन्न पाँच विधेयकमध्ये यो एक नयाँ विधेयक हो।

उक्त विधेयकको दफा २७ मा सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिनेबारे उल्लेख गरिएको छ। एक वर्षसम्म कैद निर्धारण भएको कसुरदारले मात्र यस्तो सुविधा पाउनेछन्।

'कसुर, उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका र आचरणसमेतलाई विचार गर्दा नियमित रूपमा कैदमा राख्न उपयुक्त नदेखिएमा सो को कारण खोली अदालतले सप्ताहको अन्तिम दिन मात्र वा दैनिक रूपमा रात्रिकालीन समयमा मात्र कारागारमा बस्नुपर्ने गरी कैद निर्धारण गर्न सक्नेछ' - उपदफा १ मा उल्लेख गरिएको छ।

### शनिबार वा राति मात्र जेल बसे पुग्ने

(क्रमशः पृष्ठ ९ मा)






साथीको गर्लफ्रेन्ड वा श्रीमतीको साथीसँग अफेयर हुनु कुनै ठूलो विषय होइन आजभोलि। गर्लफ्रेन्डसँग रिलेसन बनाएर कति धोका हुने गर्छन् साथी साथीमा। तर कहिलेकाहीं यस्तो घटना पनि हुन्छन् कि विश्वास गर्न पनि मुस्किल पर्छ।

# खेलकुदका अव्यावहारिक घटना

खेल संसारमा साथीहरूको कैयौं जोडीहरूले फ्रेन्डसिप के हो भनेर राम्रो उदाहरण दिएको हुन्छ। तर यस्ता व्यक्तिहरू पनि खेलको संसारमा पाइन्छन्। जसले साथीलाई यस्तो धोका दिन्छन्। जुन धोकाले ती साथीलाई कहिल्यै नपुर्ने घाउ दिन्छन्। उनीहरूले यति पनि सोच्दैनन् कि साथीलाई धोका दिन हुँदैन भनेर। यहाँ केही खेलमा भएको प्रेम, रोमान्स र धोकाको घटना उल्लेख गरिएको छ। यो अपाच्य पनि छ र विवादास्पद पनि छन्।

## कार्तिक र मुरलीबीच फाटो ▼

भारतीय राष्ट्रिय क्रिकेट टिममा विकेटकिपिङ गरिसकेका दिनेश कार्तिक र ओपनर मुरली विजयबीच केही समयसम्म राम्रो मित्रता थियो। दुवैले पहिलो श्रेणी, आईपीएलमा पनि खेले। दुवै जनाको अहिले बोलचालसमेत छैन। यसको कारण निकिता भन्ने केटीले गरेको धोका थियो। निकिता कार्तिककी बाल्यकालकी साथी हुन्। सन् २००७ मा कार्तिकले उनैसँग बिहे गरेका थिए। तर यो लभ स्टोरीको अन्त्य धोकाबाट सकिन्छ।

सन् २०१२ को आईपीएल-५ चलिरहेका थियो। उक्त समयमा कार्तिक र निकिता साथसाथ घुमे पनि। तर यही समयमा निकिता मुरलीसँग अफेयरमा रहिन्। यो कुरा कार्तिकले थाहा पाएपछि निकितालाई डिभोर्स गर्न तयार भए। उनले डिभोर्स गरेपछि निकिताले मुरलीसँग बिहे गरिन्। अहिले उनीहरूको एक छोरा र एक छोरी छन्। कार्तिकले सन् २०१५ मा स्क्वाश खेलाडी दीपिका पल्लीकलसँग बिहे गरेका छन्।












## धोका दिँदा टिमबाटै आउ

फिफा विश्वकप सन् १९९८ मा अमेरिकी फुटबल टिमका उत्कृष्ट खेलाडी जोन हर्केसलाई टिमबाटै ड्रप गरिएका थिए। उनलाई विनाकारण टिमबाट निकालिएका थिए। तर १२ वर्षपछि अर्थात् २०१० मा मात्रै जोनलाई किन निकालिएको भन्ने कुरा बाहिर आएको थियो। कुरा सुन्दा सबै अचम्म भएका थिए। २०१० मा एक न्युज च्यानलमा तत्कालीन टिम कोच स्टीभ सेम्पसनले बताएअनुसार जोनले आफनै निकट मित्र एरिक विनाल्डालाई धोका दिएका थिए। विनाल्डाकी श्रीमती एमीसँग जोनको अफेयर चलेको थियो। यो कुरालाई जोनले पुष्टि पनि गरेका थिए। जोन इंग्लिस प्रिमियर लिग खेल्ने पहिलो अमेरिकी खेलाडीसमेत हुन्।






## टेरीले पनि धोका दिए

इंग्ल्यान्डका लोकप्रिय फुटबलर जोन टेरी पनि साथी खेलाडीलाई धोका दिनेमा पछि परेनन्। चेल्सीमा लामो करिअर जमाएका टेरी हालै सो क्लबबाट बाहिर आइसकेका छन्। टेरीले आफ्नै साथी खेलाडी वायने ब्रिजलाई धोखा दिएका थिए। सन् २०१० मा टेरीकी श्रीमती टोनी प्रेग्नेन्ट थिइन्। सोही बेला उनले घनिष्ठ साथीकी मंगेतर भनेसा पेरासेलसँग प्रेम गरेका थिए। टेरी र भनेसाको रिलेसन चार महिनासँग चलेको थियो। तर यो गुप्त थियो। जब यो कुराको खुलासा भयो तब वायनेले भनेसा र टेरी दुवैसँग सम्बन्ध तोडेका थिए। वायनेले सन् २०१४ मा फ्रेन्कीसँग विवाह गरेका थिए। भनेसा फ्रान्सकी चर्चित मोडेल समेत हुन्।



## साथीको आमासँगै रिलेसन

साथीको गर्लफ्रेन्ड वा श्रीमतीको साथीसँग अफेयर हुनु कुनै ठूलो विषय होइन आजभोलि। गर्लफ्रेन्डसँग रिलेसन बनाएर कति धोका हुने गर्छन् साथी साथीमा। तर कहिलेकाहीं यस्तो घटना पनि हुन्छन् कि विश्वास गर्न पनि मुस्किल पर्छ। एक खेलाडीले आफ्नै साथीकी आमासँग रिलेसन बनायो। आमा त साथीको होस् जेसकै होस् आमा नै हुन्। तर यहाँ एक साथीले अर्का साथीको आमासँग शारीरिक सम्बन्ध बनाए। एनबीएका बिग स्टार मानिने जेम्स लेब्राएनलाई यस्तै बज्रपात परेको थियो।

सन् २०१० मा बास्केटबल खेल्दाका साथी डेलोंट वेस्टको लेब्रायनकी आमासँग लभ अफेयर भएको चर्चा भएको थियो। लेब्रायन यो मान्न तयार छैनन् कि उनका घनिष्ठ साथीले यस्तो कार्य गर्ला भनेर। उनी यो अफेयर मान्न तयार नै छैनन्। उनले वाहियात भनेको घटना चार वर्षपछि सही भएको थाहा पाउँदा लेब्रायन स्तब्ध भएका थिए। सन् २०१४ मा लेब्रायनकी आमा ग्लोरिया र डेलोंटेले आफूहरूबीच शारीरिक सम्बन्ध रहेको पुष्टि गरेर सबैलाई आश्चर्यमा पारेका थिए।













## अन्नाको रोमान्स

अन्ना कुर्निकोभा टेनिसको दुनियाँमा सबैभन्दा सुन्दरी खेलाडीका रूपमा स्थापित भएकी थिइन्। टेनिस खेल्दा त्यति खेलमा जम्न नसके पनि आफ्नो सुन्दरताले कैयौं समर्थकलाई उनले घायल बनाएकी थिइन्। रसियाकी यी टेनिस सुन्दरीको हकीका चर्चित खेलाडी पावेलसँग अफेयर थियो। यो सम्बन्ध सन् १९९९ देखि २००१ सम्म चलेको थियो। यो सम्बन्धको दि एन्ड बडो नाटकीय शैलीमा भएको थियो। सन् २००१ मा अन्नाले पावेलका नजिकको साथी सर्जेई फेडेरोसँग इन्गेजमेन्ट भएको घोषणा गरिन्। जबकि सर्जेईसँग दुई वर्ष रहेकी अन्नाको अफेयर पप स्टार एनरिकसँग चल्यो र उनकै साथ बस्न थालिन्।

प्रस्तुति : फिरोज राजोपाध्याय


# इन्डिजेनियस फेसन विक हुने


कुवेर डंगोल

आदिवासी समुदायको मौलिकता झल्काउने पहिरनलाई विश्व समुदायमा समेत विस्तार गर्ने हेतुले यससम्बन्धी फेसन शो हुने भएको छ। यसका लागि *वर्ल्ड इन्डिजेनियस फेसन विक* आयोजना गर्न लागिएको हो। फेसन विक आगामी सन् २०१८ मा आयोजना गरिने फेसन डिजाइनर उत्तम बनेपालीले बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए।

यसको तयारीका लागि छलफल गर्न मलेसियाबाट आदिवासी फेसनमा चासो राख्ने भारतीय नागरिक आर्बिन शर्माले आदिवासी पहिरनलाई प्राथमिकता दिन जोड दिए। वर्ल्ड इन्डिजेनियस फेसन काउन्सिलका अध्यक्ष शर्माले नेपाली आदिवासी समुदायको पहिरन अन्य देशका आदिवासी समुदायको भन्दा फरक भएकाले विश्वस्तरमा यसको प्रवर्द्धन गर्नसमेत डिजाइनरहरूलाई सुझाए। 'म यहाँ आउँदा यहीँका फेसन डिजाइनरहरुलाई आफ्नो संस्कृतिको बारेमा धेरै जानकारी नभएको पाएँ। अब डिजाइनरहरू जाग्ने बेला आएको छु', शर्माले भने- 'राम्रो कन्सेप्ट बनाएर आदिवासी पहिरनको डिजाइन गर्नुपर्छ। आदिवासी पहिरनलाई प्रवर्द्धन गर्नुपर्छ।' उनले पहिरनका रंग, डिजाइनलगायतका विषयमा ध्यान दिन पनि जोड दिए।

कार्यक्रममा फेसन विकको आयोजक संस्था फेसन फेडेरेसनका नेपाल अध्यक्ष नवीन लुइँटेलले नेपालमा हुने फेसन विकमा सात महादेशका डिजाइनर्स, वायर्स र विदेशी पाहुनाको उपस्थिति हुने बताए। फेडेरेसनका अनुसार यो वर्ष अफ्रिकाको सिसेल्स देशमा आयोजना हुने *वर्ल्ड इन्डिजिनियस फेसन विक*मा नेपालका तर्फबाट फेसन डिजाइनरहरू सुस्मिता आले, सुभासिनी सिंह, कैलाश कुँवर, प्रेमकुमार देव र उत्तम बनेपाली सहभागी हुँदै छन्। उनीहरूले नेपालबाट विशेष किसिमको आदिवासी पहिरनको डिजाइनलाई त्यहाँ प्रस्तुत गर्ने बताइएको छ।



# भुवनको सम्मान



गायक तथा संगीतकार भुवन सुप्तिहाङ राईले आफ्नो पाँचौं एल्बम सार्वजनिक गरेका छन्। राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित एक समारोहबीच उनको गीति अडियो एल्बम *सम्मान मेरो* वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशी, गीतकार बुद्धवीर लामा, पत्रकार डब्बु क्षत्री र धावक वैकुण्ठ मानन्धरले सार्वजनिक गरेका हुन्।

कार्यक्रममा प्रमुख अतिथि जोशीलाई भुवनले आफ्नो कम्पनीको तर्फबाट नगदसहित सम्मान गरेका थिए। कार्यक्रममा बोल्दै संस्कृतिविद् जोशीले भुवनको गायनको प्रशंसा गरे। '*सम्मान मेरो*मा राम्राराम्रा गीत छन्। भुवनले यस एल्बममा केही फरक दिन खोजेका छन्' -जोशीले भने। त्यस अवसरमा भुवनले आफ्ना संघर्ष र अनुभूति साटेका थिए।

कार्यक्रममा गीति संग्रहसँगै एल्बममा समावेश दुई गीतको भिडियोसमेत प्रिमियर गरिएको छ। कार्यक्रममा *आउँदो रै छ जिन्दगीमा यस्तो मोडहरू र आइडी छ कि छैन बहिनी* बोलका गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो। ११ गीत संगृहित एल्बमका सबै गीतमा भुवनको स्वर र संगीत रहेको छ भने विश्वकाजी राई गोपाल दाहा, बुद्धवीर लामा, जितेन्द्र रसिक, अनोज रोका, मुकेश राई, प्रेम सुब्बा चेम्जोङ, जेवी संयोगी र दकिला लामाको शब्द रहेको छ। *तिमीले संसार जित्यौभन्दा म धेरै खुसी भएँ* बोलको गीत भने भुवन आफैंले लेखेका छन्।


२०६० सालदेखि नेपाली सांगीतिक क्षेत्रमा निरन्तर सक्रिय भुवनले हालसम्म ३ सय ५० गीतमा संगीत भरिसकेका छन् भने फिल्मका गीत र फुटकर गरी ५ सय गीतमा स्वर दिएका छन्। यसअघि उनका *तिम्रो माया* (२०६०), *सजेसन* (२०६५), *मायाको फूल* (२०६७), *वदनाम* (२०६९) नामका एल्बम आइसकेका छन्।

# रणवीर हिरोइनको ट्वाइलेटमा छिरेपछि...

आफ्नो अनौठो र अजीव व्यवहारका कारण सधैं चर्चामा रहिरहने रणवीर सिंह पुनः एकपटक चर्चामा आएका छन्। यसपटक भने उनले हिरोइनको ट्वाइलेटमा छिरेर हंगामा मच्चाएका हुन्।

तर चिन्ता नलिनुहोस्, यतिखेर सबै अक्षय कुमार र भूमि पेडनेकरको आउँदै गरेको फिल्म *ट्वाइलेट : एक प्रेम कथा*को प्रमोसनमा लागिरहेका छन्। यसलाई मध्यनजर गर्दै रणवीरले हिरोइनको ट्वाइलेटमा छिरेको एउटा भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेका हुन्। उक्त भिडियोमा रणवीर सिंह भूमिको ट्वाइलेटमा छिर्न पुग्छन्, जब भूमि पेडनेकर आइपुग्छिन् अनि रणवीरलाईदेखेर आत्तिन्छिन्। उक्त भिडियो निकै मजाको छ। रणवीर मात्र नभएर वरुण धावनले पनि यो फिल्मको प्रमोसनका लागि एउटा भिडियो पोस्ट गरेका छन्। जसरी उक्त फिल्मको प्रमोसन भइरहेको छ, यसबाट धेरैले फिल्म हिट हुने अनुमान गरेका छन्। तर यसले बक्स अफिसमा कस्तो परिणाम देखाउनेछ, त्यो भने फिल्म रिलिज भएपछि मात्र थाहा हुनेछ।



# विचार

भुट र सत्यबीचको लडाइँमा भुट्ले नै जित्छ तर अन्तिम जीत भने सत्यकै हुन्छ।
-राल्फ वाल्डो इमर्सन

तिनीहरूले जे पनि गर्न सक्छन्, किनभने तिनीहरूले गर्न सक्छु भनेर भित्रैदेखि सोच्न सक्छन्।
-भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

### स्वाइनफ्लुको रोकथाममा तदारुकता देखाऊ

अहिले मुलुकको जताततै स्वाइनफ्लुको संक्रमण फैलिएको छ । राजधानी उपत्यकासहित पाल्पा, स्याङ्जा, पोखरा, बुटवल, झापालगायतका जिल्लामा स्वाइनफ्लुको समस्या बढ्दै गएको छ । खोकी लाग्ने, घाँटी दुख्ने, वाकवाकी लाग्ने यो रोगका लक्षण भए पनि सामान्य ठानेर बेवास्ता गर्दा ज्यान गुमाउनेको संख्या बढ्दै गएको छ । व्यवस्थापिका संसद्को बुधबारको बैठकमा स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले स्वाइनफ्लुका कारण हालसम्म ३८१ बिरामी देखा परेका र तीमध्ये १० जनाको मृत्यु भएको जानकारी दिनुभएको समाचार छ । पहिचान हुन नसकेका बिरामी अझ धेरै हुन सक्छन् । त्यसैले यस रोगको रोकथामका लागि सरकारले कुनै कसरत बाँकी नराखी पहल गरिहाल्नुपर्छ ।

केही दिनअघि मात्र स्याङ्जा जिल्लाका खुमप्रसाद अर्यालसहित ४ जनाको स्वाइनफ्लुका कारण मृत्यु भएको त्रिवि शिक्षण अस्पताल महाराजगन्जले जनाएको छ । स्याङ्जाको वालिङमा २० जनाको घाँटीको र्‍याल परीक्षण गर्दा ५ जनामा सिजनल इन्फ्लुएन्जाको भाइरस भेटिएको छ । परीक्षणमा यस्तो खालको नतिजा भेटिएका कारण स्याङ्जाको भिरकोट नगरपालिका तथा आसपासका क्षेत्रमा उच्च सतर्कता अपनाउँदै विद्यालयसमेत बन्द गरिएको समाचार छ । यस्तै गतहप्ता स्वाइनफ्लुकै कारण लुम्बिनी मेडिकल कलेजमा भर्ना भएका पाल्पाका मानबहादुर चिदीको काठमाडौंको बयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएभएपछि पाल्पा आसपासका क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ । त्यस्तै, रुखाखोकी तथा श्वासप्रश्वाससम्बन्धी बिरामी भई भर्ना भएका ७ जनाको उपचारका क्रममा लुम्बिनी मेडिकल कलेजमा मृत्यु भएको छ । पोखरामा पनि स्वाइनफ्लुका कारण ३ जनाको मृत्यु भइसकेको समाचार छ । यसै गरी रुपन्देही जिल्लामा २ जना स्वाइनफ्लुका बिरामी फेला परेकामा एकजनाको मृत्यु भएको र एकजनाको काठमाडौंको ग्रान्डी अस्पतालमा उपचारपछि निको भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ । यसबाहेक प्रकाशमा नआएका बिरामीहरु पनि धेरै हुन सक्छन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौंका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले अहिले अमेरिका, युरोप हुँदै भारतमा समेत देखा परेको मिचिगन स्ट्रेन नामक स्वाइनफ्लु नेपालमा पनि भित्रिन सक्ने खतरा बढ्दै गएकोले सतर्कता अपनाउनुपर्नेमा जोड दिनुभएको छ । सबै जिल्लामा स्वाइनफ्लुको परीक्षण गर्ने प्रविधि नभएकाले भाइरल ज्वरो आएकाहरूलाई स्वाइनफ्लु नै भएको भनी प्रमाणित गर्न नमिल्ने हुँदा यसका बिरामी अधिक हुन सक्छन् । त्यसैले सरकारले सबै जिल्लामा स्वाइनफ्लुको परीक्षण गर्ने प्रविधि, उपकरण एवं प्राविधिकहरु उपलब्ध गराउनुपर्ने देखिन्छ। स्वाइनफ्लुले महामारीको रुप नलिँदै रोकथामका लागि सरकार र सम्बद्ध निकायहरु लागिहाल्नुपर्छ । स्वाइनफ्लुसम्बन्धी सचेतना जगाउन र यसका बिरामीको समयमै पहिचान गरी उपचार गराउन ढिलाइ नहोस् ।

# बढ्दो व्यापारघाटा र अनुत्पादक लगानी



ज्ञानमणि नेपाल कालोटोपी

कुनै वस्तु किनेको मुल्यभन्दा बेचेको मूल्य कम भयो भने त्यसलाई सामान्यरुपमा घाटाको अवस्था मानिन्छ। यसैलाई आधार मान्दा कुनै देशले बाहिरबाट धेरै मूल्यको सामान किन्यो र आफ्नो देशबाट थोरै मात्र सामान बेच्न सक्यो भने पनि त्यो व्यापारघाटा नै हो। यसर्थ नेपालको व्यापारघाटा दैनिक रुपमा बढ्दै छ भन्न सकिन्छ। हामीले किन्ने र बेच्ने सामानबीचको दूरी असामान्यरुपमा बढेसँगै देशको व्यापारघाटा पनि बढेको हो। गत आर्थिक वर्षको साउन महिनामा मात्र नेपालले ५६ अर्ब १२ करोड रुपियाँ बराबरको व्यापारघाटा बेहोरेको तथ्यांक सार्वजनिक भएको थियो। विगत लामो समयदेखि निकै ठूलो रुपियाँको व्यापारघाटाको सामना गर्दै आएको नेपालको पछिल्लो यो घाटाले हाम्रो परनिर्भरता बढेको मात्र छैन, प्रतिव्यक्ति ऋणको अनुपात पनि बढाएको छ।

गत आर्थिक वर्षको कुल व्यापार १० खर्ब ५९ अर्ब थियो। जसमध्ये कुल वस्तु आयात ९ खर्ब ८४ अर्ब र कुल निर्यात ७४ अर्ब ७१ करोड मात्र भएको थियो। कुल व्यापारघाटा ९ खर्ब ९ अर्ब भएको तथ्यांकले देखाएको छ। आर्थिक वर्ष ०७२/०७३ मा कुल वस्तु आयात ८ खर्ब १ अर्ब २१ करोड रुपियाँ रहेको र कुल व्यापार घाटा मात्र ७ खर्ब १६ अर्ब ३८ करोड रुपियाँ रहेको थियो। यो अवधिमा जम्मा ८९ अर्ब रुपियाँ बराबरको मात्र वस्तु निर्यात भएको थियो। यी तथ्यांक हेर्दा अघिल्लो आर्थिक वर्षभन्दा पछिल्लो वर्षमा वस्तु निर्यात घटेर आयात बढेका कारण करिब २ खर्ब रुपियाँको व्यापारघाटा बढेको देखिन्छ।

आर्थिक वर्ष ०७३/०७४ मा आयात भएका प्रमुख वस्तुहरुमध्ये पेट्रोलियम पदार्थ मात्र १ खर्ब ४० अर्ब ५ करोडको आयात भएको थियो। त्यस्तै फलाम तथा स्टिलको आयात ९३ अर्ब ७१ करोड, मेसिनरी सामान ८२ अर्ब १४ करोड, सवारी पार्टपूर्जा ७९ अर्ब ५० करोड, विद्युतीय सामान ७० अर्ब ६ करोड, खाद्यान्न ४० अर्ब १४ करोड रुपियाँको आयात भयो। त्यस्तै अन्य सामानहरुमध्ये प्लास्टिकजन्य सामान ३५ अर्ब १४ करोड, सुनचाँदी ३२ अर्ब १३ करोड, खनिजजन्य वस्तु ३१ अर्ब १३ करोड र तेल तथा घिउ २८ अर्ब ८३ करोडको आयात भयो। यसको तुलनामा निर्यात ज्यादै कम मात्र भएको छ। निर्यात भएका मुख्य वस्तुहरुमा गलैंचा र कार्पेट ७ अर्ब ६३ करोड, चिया-कफी ७ अर्ब २ करोड, कपासजन्य वस्तु ६ अर्ब ९८ करोड, तयारी कपडा ६ अर्ब १० करोड, तरकारी र सुपारी ५ अर्ब ११ करोड, राडीपाखी ३ अर्ब २५ करोड रुपियाँ बराबरको निर्यात भएको थियो। त्यस्तै फलाम तथा स्टिल ३ अर्ब ९४ करोड, थान्का ३ अर्ब ८ करोड, पशुदाना २ अर्ब ८८ करोड र हाते कागज २ अर्ब १८ करोड रुपियाँको निर्यात भयो।

यही अवस्था रहिरहने हो भने चालू आर्थिक वर्षमा व्यापारघाटा धेरै गुणाले बढ्न सक्ने देखिएको छ। कुल व्यापारघाटामध्ये भारतसँगको घाटा ७.४ प्रतिशत र चीनसँगको व्यापारघाटा ३९.१० प्रतिशतले बढेको छ। त्यस्तै अन्य देशसँगको घाटा भने ४.६ प्रतिशतले घटेको छ। यसर्थ यो तथ्यांकअनुसार नेपालको कारोबार दुई छिमेकी देशहरु चीन र भारतसँग नै बढ्दै गएको देखिएको छ।

भारत, चीन र अन्य तेस्रो मुलुकहरुमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्ररुपमा व्यापारघाटा पनि बढेको राष्ट्र बैंकले जनाएको छ। नेपालबाट चीनतर्फ निर्यात हुँदै आएको प्रशोधित छाला, रुद्राक्ष, घरेलु उद्योगका सामानलगायतका वस्तुहरु अहिले विगतमा जसरी पठाउन सकिएको छैन। तर चीनबाट आउने सामानहरु तयारी पोशाक, जुत्ता-चप्पल, यातायातका पार्टपूर्जा र रासायनिक मललगायतको आयात भारतको मार्ग हुँदै भए पनि बढेको छ। जसले गर्दा चीनसँग व्यापारघाटा बढेको हो। भारतबाट विशेष गरी पेट्रोलियम पदार्थको आयात उच्च छ। यसका अतिरिक्त यातायातका साधन र यसका पार्टपूर्जाहरु, सिमेन्ट, फलामेछड र औषधिको आयात पनि बढेका कारण भारतसँगको व्यापारघाटा पनि उच्च भएको हो। त्यस्तै तेस्रो मुलुकहरुमा जाने गरेको दाल, चिया र हस्तकलाका सामानहरुको निर्यात पनि घट्न गएको छ। यी मुलुकहरुबाट सुनचाँदी, पार्टपूर्जा, दूरसंचारका उपकरण तथा तामाको तारलगायतका वस्तुहरु नेपाल ल्याउने गरिएको छ।

"नेपालबाट चीनतर्फ निर्यात हुँदै आएको प्रशोधित छाला, रुद्राक्ष, घरेलु उद्योगका सामानलगायतका वस्तुहरु अहिले विगतमा जसरी पठाउन सकिएको छैन। तर चीनबाट आउने सामानहरु तयारी पोशाक, जुत्ता-चप्पल, यातायातका पार्टपूर्जा र रासायनिक मललगायतको आयात भारतको मार्ग हुँदै भए पनि बढेको छ। जसले गर्दा चीनसँग व्यापारघाटा बढेको हो।"

विगतदेखिकै कुरा गर्ने हो भने, गत आर्थिक वर्षसम्ममा प्रत्येक नेपालीको थाप्लोमा २२ हजार १ सय ५९ रुपियाँ ऋण थियो। अहिले यो अनुपात पनि बढेर यस वर्ष २३ हजार ९ सय ६२ रुपियाँ पुगेको छ। नेपालमा हरेकजसो क्षेत्रले बाहिरी देशकै भर पर्नुपर्ने बाध्यता छ। यहाँका उद्योग कलकारखानाहरु सञ्चालनका लागि चाहिने कच्चा पदार्थसमेत हामीले बाहिरबाटै ल्याउँछौं। यति मात्र होइन, विदेशबाट लिएको ऋणलाई पनि हामीले उत्पादनमुखी क्षेत्रमा लगानी गर्न सकेका छैनौं। खाद्यान्न र लुगाफाटोमा हामीले विदेशी ऋणको लगानी गर्नुपरेका कारण यसले उत्पादन गर्न नसकेर घाटा खेप्नुपरेको छ। ऋण लिएर त्यसलाई उत्पादनमुखी बनाउन नसकेकै कारण आज हामी वस्तु निर्यातभन्दा धेरै आयात गर्नुपर्ने अवस्थामा छौं। यही अवस्था रहिरहने हो भने नेपालको व्यापारघाटाको अवस्था अझ भयावह हुन सक्ने देखिन्छ।

करिव २ दशकअगाडिसम्म नेपालले चामल निर्यात गर्दथ्यो। अहिले बर्सेनि ३० अर्ब रुपियाँभन्दा धेरैको चामल मात्रै आयात गर्नुपरेको अवस्था छ। नेपालमै भएका स्रोत-साधनको राम्रो सदुपयोग गर्न सक्ने हो भने अति आवश्यक वस्तुहरु इन्धन र नूनबाहेक अरु खाद्यान्न नेपालमै पनि उत्पादन गर्न सकिन्छ। तर आज हामीले हाम्रो देशमा उत्पादन हुन सक्ने वस्तुहरु पनि बाहिरी मुलुकहरुबाट ल्याइरहेका छौं। नेपालमा बर्सेनि इन्धन मात्र १ खर्ब ४० अर्ब रुपियाँको खपत हुन्छ। त्यस्तै नूनको आयात पनि उच्च छ। सुनचाँदीहरुको आयात पनि धेरै छ। बर्सेनि ३२ अर्बको सुनचाँदी र २५ अर्बभन्दा धेरैको मोबाइल सेटको आयात गरिन्छ। वस्तु आयातको तुलनामा निर्यात बढाउँदै जान सक्ने हो भने सन्तुलन मिल्न जान्छ तर त्यसो हुन सकेको छैन। यसले गर्दा यति धेरै मात्रामा बर्सेनि व्यापारघाटा हुन पुगेको स्पष्ट छ।

हुन त व्यापारघाटा हुनेबित्तिकै देशको अर्थतन्त्र पूरै धराशायी भयो भनेर सोच्न नहुने सम्बन्धित विज्ञहरुको भनाइ छ। विश्वका विकसित देशहरुको पनि वैदेशिक ऋण छ। तर उनीहरुले त्यो ऋणलाई स्वदेशमा उत्पादनशील क्षेत्रमा लगानी गरेका छन्। उत्पादनले आफूलाई पुग्ने नाफा पनि कमाएका छन् भने उनीहरुलाई ऋण तिर्न पनि अप्ठ्यारो छैन। तर नेपालमा भने वैदेशिक ऋण र अनुदान कि पेट पाल्नका लागि खर्च भएको छ, कि त नेताहरुका ढुकुटीमा पुगेको छ। यति मात्र होइन, बर्सेनि आउने गरेको करिब ६ खर्ब ५० अर्ब रुपियाँ रेमिट्यान्स पनि अधिकांश अनुत्पादक क्षेत्रमा लगानी गरिने गरिएको छ। भ्रष्टाचारको कहाली लाग्दो अवस्था त छँदै छ। यो देशको लागि निकै ठूलो घाटा मात्र होइन, विकासोन्मुख राष्ट्रका लागि अगाडि बढ्ने तगारो र चुनौती पनि हो।

यसर्थ आगामी दिनहरुमा देशलाई विकासमा अगाडि बढाउनका लागि बर्सेनि बढ्दै गएको वैदेशिक ऋण घटाउँदै व्यापारघाटालाई न्यून गराउन जरुरी छ। देशमा भएका युवा जनशक्तिलाई स्वदेशमै परिचालन गरी उत्पादनमुखी कार्यमा लगाउनुपर्ने देखिन्छ। विदेशबाट ल्याउने सामानको खपत घटाएर स्वदेशी सामानको निर्यात बढाउनु पनि जरुरी छ। यसो गर्न सकियो भने मात्र नेपालको समुन्नत विकासमा टेवा पुग्नेछ भने देश विकासमा पनि अगाडि बढ्ने छ। त्यसैले कुरामा भन्दा काममा जोड दिन सक्ने अवस्था ल्याउनका लागि नेपालको वर्तमान राजनीतिक अवस्थामा पनि सुधार हुन आवश्यक रहेको देखिन्छ। कुनै पनि देशको राजनीतिक अवस्थाले नै त्यस देशको आर्थिक गतिविधिमा पनि उतारचढाव आउनेतर्फ सम्बन्धित क्षेत्रले ध्यान दिन सक्ने हो भने व्यापारघाटामा पनि कम गराउन सकिएला। घाटामा रहेको देशले न आर्थिक प्रगति गर्न सक्छ, न विकास नै ? यतातिर पनि अब सोच्नै पर्ने बेला आएको छ।

## पाठक पत्र

### साउनमा हरियो पोते र चुरा किन ?

नेपालमा भनाइ पनि छ, साउनमा हरियो देख्ने गोरुले सधैं हरियो देख्छ। शायद हाम्रा कतिपय परम्पराहरु यस्तै देख्न पाइन्छ। कसैले बुझेर गरेका छन्, कसैले बिरालो बाँधेर श्राद्ध गरेका छन्। सही के छ, कमैलाई थाहा होला। मलाई पनि त्यति थाहा छैन। गत शनिबार साँझ ५-६ बजेतिर तरकारी किन्न बजारतिर लागियो। बजारमा पुरुषको भन्दा महिलाको भीड बढी रहेछ। हल्लिखल्ली पनि अलि बढी नै थियो। बाटोभरि, पेटीहरुमा र पसलमा चुरा, पोते, मेहन्दी लगाउनेको भीड थियो। हामीले एकजना परिचित महिला मित्रलाई भेट्यौं र सोधनी गर्‍यौं- आज त बजारमा तरकारीभन्दा अरु नै भीड छ नि ! अनि तपाईंले पनि कति धेरै चुरा लगाउनुभएछ, पोते पनि, हामीले एकै पटक धेरै प्रश्न गर्‍यौं। उहाँले फरक-फरक किसिमले उत्तर दिँदै जानुभयो- तिमी महिला हौ, महिला नै भएर हिँड्नुपर्छ भन्ने मेरा बुबाआमा र शिक्षकले सिकाएका थिए।

हाम्रो प्रश्न थियो, तपाईं पढ्दै हुनुहुन्छ केका लागि चुरा पोते ? कुनै जवाफ आएन। अर्की साथीले थपिन्- 'साउनमा हरियो पोते र चुरा लगाएमा श्रीमान्को आयु बढ्छ रे ! त्यसैले लगाउनुपर्छ।' विचरा पढ्दै गरेकी किशोरी त लाजले भुतुक्कै भइन्। उनको बिहे नै भएको छैन।

म पनि यसबारे जवाफ खोज्न लागिपरें, अझै पाएको छैन। शिवपुराणमा चाहिँ सोमबारको व्रत बसेर शिवजीलाई हरियो बेलपत्र र धतुरो चढाई शाकाहारी भोजन गरेमा आफूलगायत सबै परिवारमा आरोग्य प्राप्त हुनेछ भन्नेसम्म पाइयो। तर साउनमा मात्र भन्ने छैन। बरु सवा लाख बेलपत्र चढाउने भन्ने कुरा छ। त्यो पनि महिना, गते, बारको उल्लेख गरेको छैन। शायद मैले नभेटेको हो कि ! तपाईंहरु चुरापोते लगाउने दिदीबहिनीहरुबाट जवाफ चाहन्छु।

*-दामोदर पौडेल, त्रि.वि. शिक्षण अस्पताल, महाराजगन्ज काठमाडौं*

### नेपाल-भारत सीमा व्यवस्थित गरौं

यतिखेर भारत-चीनबीचको दोक्लाम मुद्दाबारेको विवाद विश्वभर चर्चाको विषय भएको छ। चीन र भूटानसँगको सीमावर्ती दोक्लाम क्षेत्रमा चीनले सडक निर्माण गर्न थालेपछि यी दुई देशबीचको सम्बन्धमा चिसोपन थपिएको हो। समयको गतिअनुसार विश्वमा कुनै दुई देशमा खटपट परी नै आएको छ। यसै सिलसिलामा यतिखेर नेपाल-भारत सीमा क्षेत्र व्यवस्थित गर्न नितान्त आवश्यक भएको छ। यो कसरी पूरा हुन सक्छ, त्यसै गर्नुपर्दछ।

हालको परिस्थितिमा नेपाल-भारत सीमाक्षेत्र व्यवस्थित गर्न चीनसँग सहयोग मागेमा चीनबाट पक्कै काँडेतारसहित अरु आवश्यक सामग्री प्राप्त हुन सक्छ। दुई देशबीच तटस्थ रही बेलैमा बुद्धि लगाए यो कार्य सफलिभूत हुन सक्छ। त्यसर्थ बेलामा नै बुद्धि पुर्‍याऊ, पछि नपछुताऊ भन्ने मेरो धारणा हो। यसतर्फ सबैको ध्यानाकर्षण होस्।

*- डा. सुमनकुमार रेग्मी, कुपण्डोल, ललितपुर*

### अग्ला घर बनाउन दिनै हुँदैन

भूकम्पले विनाश गरेपछि मापदण्डविपरीत अग्ला घर बनाएर आफैंले खाल्टो खन्ने काम गर्नुहुँदैन। आफूले खनेको खाल्टोमा आफैं पर्ने गरी काम गर्नु मूर्खता हो। यो विषयमा घरधनीले नै सोच्ने हुरा हो। अर्कोतर्फ यस्ता घर बनाउन नदिने र सुरक्षित घर बनाउने किसिमको कानुनी प्रावधानमै व्यवस्था हुन जरुरी छ। नेपाल सरकारको पनि सम्भवतः चेत फिरेको जस्तो त देखिएको छ तर व्यावहारिक पक्षमा भने सरकारी काम कहिले जाला घामजस्तो भएको छ।

नीति बन्ला-नबन्ला, कार्यान्वयन होला-नहोला, तर अग्ला घर बन्न नदिने, नापनक्सा या मापदण्डविपरीत जबर्जस्ती बनाइएका घरको तला काटिने नियम बनाइँदै छ भन्ने चर्चा जोडतोडले सुन्न थालिएको छ। यसबीच कतिपय नागरिकले आफ्ना घरछिमेकमा खतराको रूपमा ठडिएका मापदण्डविपरीतका अग्ला घर भत्काइदिन सामूहिक निवेदन दिएका खबर यदाकदा सुन्नमा आएका छन्। कतिपयले आफ्नो अग्लो घरको तला काटिदिन आफैंले सरकारी निकायमा दिएको निवेदनको पनि चाङ लागेको सुनिन्छ। सरकारी तवरबाट अनुगमन गरी सम्भावित दुर्घटनाबाट बच्न बेलैमा सोच्नु जरुरी छ।

*- सुशीला चौहान, बिर्तामोड*

### कहिले आउने हो मेलम्ची ?

आपूर्तिकर्ताले भुक्तानी नपाएको भन्दै मेलम्ची खानेपानी आयोजनाको काम बन्द गरेको खबर आएको छ। एक दर्जन बढी आपूर्तिकर्ताले सामान नदिएपछि ४ दिनदेखि काम बन्द भएको समाचारले सबै पत्रिकामा स्थान पाएका छन्। इटालियन ठेकेदारले समयमै आपूर्तिकर्ताको बिल भुक्तानी गर्न नसक्दा काम रोकिएको मेलम्ची आयोजनाका कर्मचारीले बताएको कुरा पनि बाहिरिएको छ।

नपालका आयोजनामा सधैं केही न केही बखेडा निकालेर अल्झाउने तथा काम ढिला गराउने खेल चल्छ। यसमा सरकारले गम्भीरतापूर्वक ध्यान दिनु जरुरी छ। नेपालमा यस्ता किसिमका नजिर बसिसकेको अवस्थामा यो हटाउनतिर लाग्न जरुरी छ। मेलम्ची खानेपानी आयोजनाले सबै बिल भुक्तानी गरिसके पनि ठेकेदारको आफ्नै समस्याले भुक्तानी रोकिनु राम्रो पक्ष होइन।

*- दीपेन्द्र खड्का, पुल्चोक, काठमाडौं*

### भोजपुरको घटनामा अनुसन्धान सुस्त

गत असार १२ गते मृत अवस्थामा भोजपुरको प्याउलीमा भेटिएका तीन बालबालिकासम्बन्धी घटनाको अनुसन्धानबारे अझै केही बाहिर आएको सुनिएको छैन। भोजपुरको अरुण गाउँपालिका-३, प्याउलीमा घटना भएको एक महिनाभन्दा बढी बितिसके पनि अनुसन्धान भने टुंगो लाग्न नसक्नु नेपालको प्रहरी प्रशासनको कमजोरी हो। घटना भएको दिनदेखि जिल्ला प्रहरी कार्यालय, भोजपुर र क्षेत्रीय अनुसन्धान ब्युरो निरन्तर अनुसन्धानमा लागेको बताए पनि घटनाको रहस्य अहिलेसम्म पत्ता नलाग्नु कि त चलखेल हो, कि त प्रहरीको सुस्तता हो।

अहिले केन्द्रीय अनुसन्धान ब्युरोबाट टोली खटिएर अनुसन्धान भइरहेको खबर पनि आएको छ। हुन त नेपालमा साधन-स्रोत र प्रविधिको अभाव छ। यसमा सरकारी क्षेत्रबाटै विशेष काम हुन जरुरी हो। यहाँका रवीन्द्र सापकोटाका १४ वर्षीय छोरा रञ्जीव सापकोटा र चेतनाथ फुयाँलका १३ वर्षीया छोरी सुष्मा र ६ वर्षीय छोरा प्रदीप फुयाँल गत असार १२ गते माछापोखरीमा मृत भेटिएका थिए। उनीहरु कसरी मृत भेटिए ? यसको अनुसन्धान छिटो होस्। सम्बन्धित निकायलाई अनुरोध छ।


*- सुरज केसी, भोजपुर*

## सामाजिक सञ्जाल



खोइरो मात्र खन्न जान्नेहरूको नाममा ! कसैले गरेको काम उसले भन्दा मैले अझ राम्रो गर्न सक्छु भन्ने साहस छ भने मात्र उसको आलोचना गर्नु बेस।

**Suman Kharel**
**@kharel8**



यस्तो मुलुक पो भयो– नेपाल बार न्यायको लागि बोल्दैन, पत्रकार महासंघ पत्रकारिताको रक्षा गर्दैन, चिकित्सा स्वास्थ्य सुधारबारे मेडिकल काउन्सिल मौन।

**Kanak Mani Dixit**
**@KanakManiDixit**



सय-पचास जना सुरक्षाकर्मी अगाडि-पछाडि लगाएर, पुलिसको साइरन बजाउँदै करोडको गाडीमा हुइँकिएर कहाँ थाहा हुन्छ र हजुर सडकको अवस्था !

**पूजा**
**@puzza123**

# विश्व

**पुरातात्त्विक**
सात सय वर्षअगाडि लुप्त भएको दक्षिण पश्चिमी अमेरिकी प्राचीन शहर। उक्त पुरातात्त्विक शहरको अवशेष कोलोराडोको मेसा वेर्डे नेसनल पार्कमा रहेको छ।



**प्रेम प्रतीक**
मानव निर्मित विश्वका सात आश्चर्यमध्यका एक भारतको आगरास्थित ताज महलको यो तस्वीर सन् १८५९ मा फोटाग्राफर फेलिसा बेआतोले खिचेको हो।





**विश्व २ मिनेट**

**अमेरिका**

### पेन्टागनमाथि रुसी विमान

वासिङ्टन, (एजेन्सी)

रुसको एउटा जासुसी विमानले वासिङ्टन डिसीमा अमेरिकाको थुप्रै संघीय भवनमाथि कम उचाइमा उडान भरेको सीएनएनले जनाएको छ। उक्त रुसी वायु सेनाको विमान अमेरिकी क्यापिटोल, पेन्टागन, ज्वाइन्ट बेस एन्ड्रयुज, सीआईए, क्याम्प डेविड र माउन्ट वेडर नामक एउटा गोप्य सरकारी बन्करमाथि उडेको सीएनएनले जनाएको छ। सन् १९९२ को खुला आकाशसम्बन्धी एक सन्धिअनुसार उक्त उडान पूर्णतया वैध रहेको जनाइएको छ। उक्त सन्धिले ती देशलाई एक अर्काको भूमिमा निगरानी गर्ने अधिकार दिएको पोलिटिकोले जनाएको छ। विगत १५ वर्षमा रुस र अमेरिकाले १ सय ६५ पटक यस प्रकारको उडान गरिसकेका छन्।

**बेलायत**

### दुई ग्रह फेलापऱ्यो

लन्डन, (एजेन्सी)

पृथ्वीबाट १२ प्रकाश वर्षको दूरीमा जीवनको सम्भावना रहेका दुईवटा ग्रह 'सुपर अर्थ' फेला परेको वैज्ञानिकहरूले बताएका छन्। उक्त सौर्य मण्डलमा टाउ सेटिको जीवन उपयुक्त क्षेत्रमा पृथ्वी आकारका ४ वटा ग्रह रहेका छन्। बेलायती नेतृत्वको खगोलशास्त्रीहरूले भविष्यमा अन्तरिक्ष औपनिवेशका लागि उक्त प्रणाली उपयुक्त हुन सक्ने अनुमान गरेका छन्। तर उक्त प्रणालीको तारालाई चट्टान र विशाल छुद्रग्रहको डिस्कले परिक्रमा गरिरहेको छ। यसले ती ग्रहमा छुद्र ग्रह तथा पुच्छेताराको वर्षा हुन सक्ने प्रमाणहरू फेला परेको वैज्ञानिकहरूले बताए।

**पाकिस्तान**

### विशाल जुलुस

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा बुधबार पूर्वप्रधानमन्त्री नवाज सरिफको समर्थनमा आयोजित एक विशाल ऱ्यालीमा हजारौं व्यक्तिले सहभागिता जनाएका छन्। स्रोत नखुलेको अवैध सम्पत्तिमाथिको अनुसन्धानको कारण सर्वोच्च अदालतले सरिफलाई पदमा बहली रहन अयोग्य ठहर गरेको थियो। सल्लाहकारहरूले सुरक्षालाई लिएर चिन्ता व्यक्त गरे तापनि सरिफले राजधानी इस्लामावाददेखि आफ्नो पूर्वी गृहनगर लाहोरसम्म उक्त विशाल जुलुसको आयोजना गरेका थिए। लगातार १२ घण्टासम्म यसरी समर्थकहरूबाट घेरिएका उनले मध्यरातपछि जनसमूहलाई सम्बोधन पनि गरेका थिए। उनका समर्थकहरूले उनी अझै आफ्ना प्रधानमन्त्री रहेको आवाज बुलन्द गरेका थिए।

**भेनेजुयला**

### नयाँ नाकाबन्दी

काराकास, (एजेन्सी)

भेनेजुयलाको शक्तिशाली वैधानिक निकायलाई राष्ट्रपति निकोलस मादुरोको भक्त बनाउने काममा विशेष भूमिका निभाएको भन्दै अमेरिकी सरकारले भेनेजुयलाका आठजना सरकारी अधिकारीमाथि बुधबार नाकाबन्दी लगाउने निर्णय गरेको छ। यसैगरी विपक्षी राजनीतिक समूहले सरकारविरुद्ध थप सशक्त विरोध प्रदर्शनका लागि आह्वान गरेको छ। अमेरिकाले नयाँ नाकाबन्दी राजनीतिज्ञ र सुरक्षाकर्मीमाथि केन्द्रित गरे पनि भेनेजुयलाको प्रमुख थेल उद्योगलाई भने छोएको छैन। यदि ऊर्जा क्षेत्रमा नाकाबन्दी लगाइएको खण्डमा पहिल्यै रुग्ण अवस्थामा पुगिसकेको भेनेजुयलाको अर्थतन्त्र ध्वस्त हुनसक्नेबारे अमेरिका सचेत रहेको छ।

# पाकिस्तानी मदर टेरेसा डा. फाउको निधन

इस्लामावाद, (एजेन्सी)

लामो समयदेखि पाकिस्तानमा कुष्ठरोग उन्मुलनका लागि समर्पित रहँदै आएकी जर्मन डाक्टर तथा नन रुथ फाउको ८७ वर्षको उमेरमा बिहीबार कराँची शहरमा निधन भएको छ। उनी पाकिस्तानको मदर टेरेसाका रूपमा निकै चर्चित रहेकी थिइन्। उनलाई उपचारका लागि गत शुक्रबार अस्पतालमा भर्ना गरिएको थियो।

सन् १९६० मा पहिलोपटक पाकिस्तानमा कुष्ठरोगी देखेकी उनले जर्मनीबाट फर्केपछि पाकिस्तानभरि नै यस रोगविरुद्ध क्लिनिक स्थापना गरेकी थिइन्। उनको अथक प्रयासको परिणाम स्वरूप सन् १९९६ मा पाकिस्तान कुष्ठरोग नियन्त्रणमा रहेको घोषणा गर्न सफल भयो।

प्रधानमन्त्री शाहिद खाकान अब्बासीले डाक्टर फाउ जर्मनीमा जन्मे पनि उनको मन भने सधैं पाकिस्तानमै रहेको बताएका छन्। डा. फाउको साहस र समर्पणको प्रशंसा गर्दै अब्बासीले पाकिस्तानका रोगी जनताको सेवा र सहयोगका लागि आएकी उनले अन्ततः पाकिस्तानलाई नै आफ्नो घर बनाएको पनि बताएका छन्। सन् १९२९ मा जर्मनीको लिपजिगमा जन्मेकी उनले दोस्रो विश्व युद्धको दौरान आफ्नै आँखाले आफ्नो घर ध्वस्त भएको देखेकी थिइन्।



मेडिसिन अध्ययन गरेकी उनलाई शुरूमा ननको रूपमा दक्षिणी भारतमा जाने आदेश दिइएको थियो। तर भिसाको गडबडीको कारण उनी कराँचीमा रहन पुगेकी थिइन्। उनले सन् २०१० मा बीबीसीलाई अन्तर्वार्ता दिने क्रममा भनेकी थिइन्- 'यदि पहिलो घटनाले निकै प्रभावित नभएको भए त्यस्तो घटनाले पछि पछि कहिल्यै पनि मानिसलाई प्रभाव पार्लाजस्तो मलाई लाग्दैन। वास्तवमा एक तन्नेरी कुष्ठरोगी पठानको हालत देखेर मेरो मन पग्लेको थियो। उनी हात र खुटाले घिस्रिँदै उपचारका लागि डिस्पेन्सरीमा पुग्ने गर्दथे। घस्रिँदा उनको शरीरभरि लागेको धुलोमैलो देखेर मलाई साह्रै माया लाग्यो।'

त्यतिबेला आफ्नै परिवारले कुष्ठरोग सर्ने डरको कारण आफ्ना सन्तानलाई तिरस्कार गरी खोर र गुफामा बस्न बाध्य गर्ने गर्दथे। डा. फाउले त्यस्ता तिरस्कृत थुप्रै व्यक्तिको उद्धार गरेकी थिइन्।

उनले पाकिस्तानी डाक्टरहरूलाई तालिम दिने र विदेशी चन्दा सहयोग बटुल्ने जस्ता कार्य गर्दै पाकिस्तानको राष्ट्रिय कुष्ठरोग नियन्त्रण कार्यक्रम म्यरी एडेलेड लेप्रोसी सेन्टर स्थापना गरेकी थिइन्। सन् २०१० मा दक्षिण पश्चिमी पाकिस्तानमा बाढीपीडितलाई महत्त्वपूर्ण सहयोग गरेर पनि उनले थुप्रै प्रशंसा बटुलेकी थिइन्।

उनी पाकिस्तानको दोस्रो सबैभन्दा ठूलो सरकारी अवार्ड हिलाल ए इम्तियाज-१९७९, हिलाल ए पाकिस्तान-१९८९ र जर्मन स्टाउफर मेडल-२०१५ लगायत अन्य थुप्रै सम्मान पाएकी थिइन्। उनले 'टु लाइट अ क्यान्डल' लगायत पाकिस्तानमा आफ्नो काम र अनुभवको आधारमा जर्मनमा चारवटा पुस्तक लेखेकी थिइन्।

'टु लाइट अ क्यान्डल'लाई अंग्रेजी भाषामा अनुदित गरिएको थियो। १९ अगस्टमा कराँचीस्थित सेन्ट प्याट्रिक चर्चमा उनको अन्त्येष्टि गरिने भएको छ। त्यसपछि उनको पार्थिव शवलाई कराँचीकै गोरा कब्रिस्तान क्रिश्चियन सेमेट्रीमा समाधिस्थ गरिने बताइएको छ।

# फेसबुकमा तस्वीर राख्दै विरोध जनाइँदै

नयाँदिल्ली, (एजेन्सी)

एकजना राजनीतिज्ञले महिलाहरू राति अबेर घरबाहिर बस्नुहुन्न भन्ने अभिव्यक्ति दिएपछि भारतीय महिलाहरूले सामाजिक सञ्जालमा धमाधम रात्रि जीवनको मज्जा लुट्दै गरेका तस्वीरहरू पोस्ट गर्न थालेका छन्।

एकजना महिलाले कारमा गइरहेका आफूलाई राति दुईजना पुरुषले लखेटेको गुनासो गरेपछि ती राजनीतिज्ञले उनलाई अबेरसम्म बाहिर नबस्न सुझाव दिएका थिए। भारतको उत्तरी शहर चण्डिगढमा डिजेको काम गर्ने वार्निका कुन्दुले गत शुक्रबार राति घर फर्किनेबेला आफूलाई दुईजना पुरुषले लखेटेको र त्यस कार्यमा संलग्नमध्ये एक भारतको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)का एक प्रमुख राजनीतिज्ञका पुत्र विकास बराला रहेको बताएकी थिइन्।

बुधबार बरालालाई प्रहरीले केटी जिस्काएको, पिएर कार हाँकेको र अपहरणको कोसिस गरेको अभियोगमा गिरफ्तार गरेको छ। कुन्दुले आफूलाई तिनीहरूले झन्डै जबरजस्ती अपरहरण गरेको तर समयमै घटनास्थलमा आइपुगेर प्रहरीले आफ्नो उद्धार गरेको सञ्चारमाध्यमलाई जानकारी दिएकी छिन्।

महिला हिंसा र बलात्कारविरुद्ध कडा कानुन बनाइए तापनि भारतमा बलात्कारका घटनामा कुनै कमी आएको छैन। हालै मात्र आफ्नै काकाको बलात्कारबाट गर्भवती बनेकी एघार वर्षीया बालिकाको गर्भपतनबारे ठूलो विवाद चर्केको थियो।




# ९१ वर्षको उमेरमा स्नातक डिग्री





बैंकक, (एजेन्सी)

थाइल्यान्डकी किमलान जिनाकुले ९१ वर्षको उमेरमा स्नातक पढाइ पूरा गरी शिक्षा हासिल गर्न कुनै उमेरले व्यवधान पुऱ्याउन सक्दैन भन्ने प्रमाणित गरेकी छिन्।

९१ वर्षको पाकिसकेको उमेर। छोरी मरेको पीडा। जीवनभरिको पर्खाइ। तर उनी भन्छिन्- 'मनैले हारे मात्र हार हो, मनले जिते जित।' थाइल्यान्डकी किमलानले यस्तै केही गरेर देखाएकी छिन्।

उनको यो सफलताको पछाडि १० वर्ष लामो लगातार मेहनत र अटुट लक्ष्यलाई लिन सकिन्छ।

किमलान उनको प्रारम्भिक पढाइका दिनहरूमा एक प्रतिभाशाली छात्राका रूपमा चिनिएकी थिइन्। उनको पढाइ उत्तरी थाइल्यान्डको लेन्पेंग प्रान्तको सबैभन्दा राम्रो स्कुलमा भयो। तर उनी थप पढाइका लागि विश्वविद्यालय जान सकिनन्। त्यतिबेला यो सम्भव थिएन। परिवार बैंककमा बस्न आएपछि उनको विवाह भयो। त्यसपछि उनले आफ्नो पढाइको सपना त्याग्नुपऱ्यो।

किमलान बताउँछिन्- 'म सधैं मेरा बच्चाहरू पढ्न सकून् भन्ने चाहन्थें। त्यसैले जब उनीहरू विश्वविद्यायल जान चाहन्थे, मैले उनीहरूलाई प्रोत्साहन गरेकी छु।'

किमलानका पाँचमध्य चार सन्तानले पोस्टग्र्याजुएटको डिग्री हासिल गरेका छन्। एकजनाले त अमेरिकामा गएर विद्यावारिधिसम्मको पढाइ पूरा गरेका छन्।

किमलानले आफ्ना बच्चाहरूको अनुभवबाट प्रेरित भएर युनिभर्सिटीमा भर्ना गरेकी थिइन्। उनले गत बुधबार आफ्नो डिग्री पनि हासिल गरिन्।

किमलानका एक छोरी अस्पतालमा काम गरिरहेकी थिइन्। उनकी ती छोरीले सुखोथाइ थाम्माथिराट ओपन युनिभर्सिटीमा एउटा कोर्समा भर्ना भएपछि किमलानले पनि भर्ना हुने निर्णय गरेकी थिइन्।

पहिलो पटक भर्ना हुँदा उनको उमेर ७२ वर्षको मात्र थियो। तर उनकी एक छोरीको मृत्युले उनलाई थुप्रै वर्षका लागि पढाइबाट टाढा पुऱ्याइदियो। त्यसपछि उनले ८५ वर्षको उमेरमा ह्युमन इकोलोजी विषयमा भर्ना लिइन्। उनले यो विषय उनलाई राम्रो र आनन्दको जीवन जिउने बारेमा बताउने भेनकी थिइन्। किमलानले भनिन्- 'जबमा दुःखबाट बाहिर आएँ, मैले आफूलाई उक्त विषय पूरा गर्ने दबाब दिएँ। म आशा गर्छु मेरी छोरीको आत्मा यो देखेर खुसी हुनेछ।'

पढाइका क्रममा किमलान प्रत्येक दिन बिहान उठेर बौद्ध भिक्षुहरूलाई दान गर्थिन्। त्यसपछि मन्दिर जाने र फेरि पढ्न बस्थिन्।

किमलान भन्छिन्- 'यसका लागि कहिलेपनि ढिलो हुँदैन, मेरो मस्तिष्क सिक्नका लागि सधैं जागृत र तीक्ष्ण छ। यो विश्व कहिले पनि रोक्दैन। यहाँ सधैं नयाँ समस्या हुन्छ र यदि नयाँ विज्ञान अगाडि नआएको भए यो विश्वले समृद्ध हुन छोडिसक्थो।'

आफूले पढाइका क्रममा हरेक च्याप्टरको मुख्य बुँदालाई हाइलाइट गरेको र त्यसले पढाइलाई दोहोऱ्याउँदा मद्दत पुऱ्याएको उनले बताइन्। उनले भनिन्- 'जब म पास हुन्थें, म खुसी हुन्थें। जब फेल हान्थें, म नराम्रो महसुस गर्थें। त्यसैले जबसम्म पास भइनँ, तबसम्म परीक्षामा सहभागी भइरहें।'

किमलानले आफूले अब कामको खोजी गरें भने आफूलाई कसैले काम दिन्छ भन्ने नलागेको बताइन्। त्यसैले नातिनातिनाको रेखदेख गर्नमा बाँकी जीवन बिताउने उनले बताइन्।

# उत्तर कोरियाको व्यवस्था नै परिवर्तन हुने अमेरिकी चेतावनी

वासिङ्टन, (एजेन्सी)

अमेरिकी रक्षा मन्त्री जिम म्याटिसले उत्तर कोरियालाई त्यहाँको व्यवस्था नै परिवर्तन हुने र नागरिकले विनाशको सामना गर्नुपर्नेजस्ता गतिविधिहरू नगर्न चेतावनी दिएको छ।

पेन्टागनका प्रमुखले अमेरिका र उसका सहयोगीसँगको युद्धमा उत्तर कोरिया टिक्न नसक्ने पनि बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियालाई संयमता अपनाउन दिएको धम्कीपछि म्याटिसको उक्त कडा चेतावनी आएको हो।

यसैबीच अमेरिकी विदेश मन्त्री रेक्स टिलरसनले अमेरिकालाई उत्तर कोरियाबाट तत्कालका लागि कुनै खतरा नभएको बताएका छन्। उत्तर कोरियाले अमेरिकी क्षेत्र गुआममा क्षेप्यास्त्र हमलाका लागि तयारी गरिरहेको बताएका थिए।

प्रशान्त महासागरस्थित गुआम पुगेका रेक्स टिलरसनले अमेरिकी राष्ट्रपति ट्रम्पको धम्कीको समर्थन गरेका छन्। राष्ट्रपति ट्रम्पले उत्तर कोरियालाई स्पष्ट सन्देश दिन चाहेको उनले बताए।

राष्ट्रपति ट्रम्पले ट्विटरमा अमेरिकाको परमाणु हतियार भण्डारका बारेमा अमेरिकासँग पहिलाको भन्दा धेरै शक्तिशाली हतियार भएको उल्लेख गरेका थिए।

यद्यपि अमेरिकालाई यो शक्तिको प्रयोग गर्नु आवश्यक हुँदैन भन्ने आफूले अपेक्षा गरेको ट्रम्पले लेखेका थिए।

गुआममा अमेरिकी सैन्य अड्डा रहेको छ, सामरिक बमवर्षक विमानको अड्डा छ र करिब १ लाख ६३ हजार अमेरिकी बसोबास गर्छन्।

मध्य एसियाबाट फर्कने क्रममा टिलरसनको विमान इन्धन भर्न गुआम ओर्लेको थियो।

यसबीच उत्तर कोरियाले युद्ध कुनै खेल नभएको र आफूले अमेरिकी साम्राज्य अन्त्य गर्ने चेतावनी दिएको छ।



विधेयक संसद्बाट जस्ताको त्यस्तै पास भए काठमाडौंमा प्रस्तावित मनमोहन मेडिकल कलेज, नेसनल मेडिकल कलेज, पिपुल्स डेन्टल मेडिकल कलेज, ललितपुरको अश्विन कलेज र झापाको बी एण्ड सी मेडिकल कलेजले सम्बन्धन पाउने छन्।

# स्थानीय तह शासन सञ्चालनसम्बन्धी विधेयक

## १ हजार ५६ वटा संशोधन प्रस्ताव

नेपाल समाचारपत्र

काठमाडौं

संसद्मा विचाराधीन स्थानीय तह शासन सञ्चालनसम्बन्धी विधेयकमा १ हजार ५६ वटा संशोधन प्रस्ताव परेको छ।

संविधानमा व्यवस्था गरिएको स्थानीय तहसम्बन्धी अधिकार स्थानीय तह शासनसम्बन्धी विधेयकले संकुचन गरेको भन्ने आवाजहरू विभिन्न तह र तप्काबाट उठिरहेको बेला संसादहरूले सो प्रस्ताव राखेका हुन्।

संसद्मा विचाराधीन विधेयकमध्ये सबैभन्दा बढी संशोधन प्रस्ताव परेको सोही विधेयक रहेको छ। स्थानीय तह शासन सञ्चालनसम्बन्धी ऐन नभएकाले स्थानीय तह शासन सञ्चालन गर्न कठिनाई भएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भनिरहेको छ। यस्तो अवस्थामा यति धेरै संख्यामा संशोधन पर्नुले चाँडै यो विधेयक पारित हुन समय लाग्ने स्थिति उत्पन्न भएको व्यवस्थापिका संसद्को सचिवालयले जनाएको छ।

स्थानीय तह शासन सञ्चालनसम्बन्धी विधयेक द्रूत गति 'फास्ट ट्र्याकमा' पारित गर्नुपर्ने उपप्रधानमन्त्रीसमेत रहनुभएका संघीय मामिला तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारको सोच रहेको छ।

सोहीअनुरूप प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरूसँग पनि उपप्रधानमन्त्री गच्छदारले छलफल अघि बढाइरहनुभएको बुझिएको छ। तर, यस्तो महत्त्वपूर्ण विधयेक द्रूत गति फास्ट ट्र्याकबाट पारित गर्न नहुने भनेर सासंद्हरूले आफ्नो दलका नेताहरूलाई पनि खबरदारी गरिरहेको पाइएको छ।

'यो विधयेकको नाउँ नै संशोधन गर्नुपर्ने भनेर सासंद्हरूले आवाज उठाइरहेको छ। शासनको साटो स्वशासन भन्नुपर्ने सासंद्हरूको जिकिर रहेका छ। शासनभन्दा केन्द्रले शासन गर्न बनाएको अर्थ लाग्ने सासंद्हरूको बुझाई रहेको छ।' संसद्को विकास समितिमा भएको छलफललाई उद्धृत गर्दै विकास समितिमा विज्ञका रूपमा विधयेकबारे सल्लाह दिइरहनुभएका पूर्वसचिव खेमराज नेपालले भन्नुभयो।

'यो विधयेकलाई लिएर सांसद्हरूबीच निकै चर्का चर्कीको अवस्था रहेको छ। विधेयक बनाउँदा राजनीतिक दल र तिनका नेता र सांसद्हरूले ध्यान दिएनन्। अहिले आएर विरोध गरिरहेको छ' -पूर्वसचिव नेपालले भन्नुभयो।

यति धेरै संशोधनको प्रस्ताव परेपछि विधेयकमा आवश्यक संशोधन हुनुपर्ने पूर्वसचिव रामेश्वर खनालले बताउनुभयो।

यसअघि समृद्धि फाउन्डेसनले बिहीबार राजधानीमा आयोजना गरेको स्थानीय तह शासन सञ्चालन सम्बन्धमा बनेको विधयेक २०७४ बारे इको नीतिको छलफल कार्यक्रममा राजनीतिक विश्लेषक तुलाधार शाहले विधयेक संघीयताको सिद्धान्तबाट नभई विकेन्द्रीकरणको सिद्धान्तबाट आएको धारणा राख्नुभयो।

'यो विधयेकको मूल आधार नै गलत रहेको छ। विधयेक विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ, संघीयतालाई बाध्यात्मकरूपमा स्वीकार गरिएको छ', राजनीतिक विश्लेषक शाहले भन्नुभयो- 'यसले गर्दा संविधानमा व्यवस्था गरिएको स्थानीय तहको अधिकार स्थानीय तहले पूर्णरूपमा उपभोग गर्न सक्दैन।'

संविधानमा नै प्रदेशको अधिकार धेरै, प्रदेशको थोरै र स्थानीय तहलाई तुलनात्मकरूपमा बढी अधिकार दिएको पनि शाहले बताउनुभयो। उहाँले भन्नुभयो- 'दिएको बढी अधिकारलाई केन्द्रको मातहत राख्न विधयेकमा अनेक कानुनी धारा र दफाहरू थपिएको छ। यसले गर्दा स्थानीय तहलाई काम गर्न गञ्जागोल हुने स्थिति छ।'

शाहको भनाइ समर्थन गर्दै पूर्वसचिव रामेश्वर खनालले वडाको सीमाना र गाउँपालिकाको नाम र केन्द्रसमेत परिर्वतन गर्न संघको स्वीकृत लिनुपर्ने प्रावधानले स्थानीय तहलाई केन्द्रमुखी बनाइएको बताउनुभयो।

संविधानमा स्थानीय तह अधिकार क्षेत्रको विषयमा पनि विधेयकमा बोलेको पूर्वसचिव खनालको टिप्पणी रहेको छ।

सो अवसरमा पूर्वसचिव खेमराज नेपालले तल अधिकार दिन नचाहने कर्मचारी संयन्त्रको मानसिकताबाट विधयेक तयार भएको धारणा राख्नुभयो। संघीय विकास तथा स्थानीय विकास मन्त्रालयमा लामो समयसम्म काम गरिसक्नुभएका पूर्वसचिव पूर्णचन्द्र भट्टराईले स्थानीय तहको सरोकार रहनुपर्ने थुप्रै विषयमा मौन रहेको बताउनुभयो।

## महासंघलाई समावेशी बनाउन आग्रह

काठमाडौं, (नेस)

आगामी भदौ पहिलो साता हुन गइरहेको नेपाल पत्रकार महासंघको केन्द्रीय महाधिवेशनबाट महासंघलाई पूर्ण समावेशी बनाउन विभिन्न संगठनहरूले माग गरेका छन्।

बिहीबार काठमाडौंमा समावेशी पक्षधर संगठनहरूको साझा समूह समावेशी सञ्चार अभियानले महासंघलाई समावेशी बनाउन ध्यानाकर्षण गराएको छ।

बैठकपछि अभियानले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'सम्पूर्ण पत्रकारको साझा संस्थाको रूपमा स्थापित गर्दै अगाडि बढ्ने सन्दर्भमा पत्रकार महासंघलाई पूर्ण समावेशी बनाउनुपर्ने हाम्रो अभियान जारी रहेको छ। महासंघलाई पूर्ण समावेशी बनाउनका लागि आगामी महाधिवेशनमा सबै पक्षबाट महासंघको नेतृत्व तहमा समावेशी उम्मेदवार बनाउन हामी ध्यानाकर्षण गराउन चाहन्छौं।'

महासंघको विधान कार्यान्वयनका लागि समेत नेतृत्व तहमै समावेशी उम्मेदवार उठाउन आवश्यक रहेको भन्दै नेतृत्वमा आउन समावेशी पक्षधरहरूलाई आह्वानसमेत गरिएको छ। 'सम्पूर्ण आदिवासी जनजाति, मधेसी, दलित, महिला, मुस्लिम, अपांगताको प्रतिनिधित्व गर्ने सबै संस्थाहरू एकजुट भएर अघि बढ्ने प्रतिबद्धता जनाउँदै सबै पक्षलाई यो अभियानमा साथ दिन आह्वान गर्दछौं' -विज्ञप्तिमा उल्लेख गरिएको छ।

बैठकमा जागरण मिडिया सेन्टरका अध्यक्ष रेम विश्वकर्मा, नेपाल आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष डण्ड गुरुङ, सञ्चारिका समूहकी अध्यक्ष निर्मला शर्मा, मधेसी पत्रकार संघका सचिव बीपी साहलगायतको उपस्थिति रहेको थियो। त्यस्तै, क्रियाशील महिला पत्रकारकी अध्यक्ष शुभेच्छा बिन्दु तुलाधर, राष्ट्रिय अपांग पत्रकार संघ, नेपालका अध्यक्ष रविन थपलिया र मुस्लिम पत्रकार संघका अध्यक्ष अब्दुल्लाह मियाँलगायतको उपस्थिति रहेको थियो।

## स्वराज राजनीतिक भेटवार्तामा व्यस्त

काठमाडौं, (नेस)

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को विदेशमन्त्रीस्तरीय बैठकमा सहभागी हुन काठमाडौं आउनुभएका भारतीय विदेशमन्त्री सुष्मा स्वराज राजनीतिक भेटवार्तामा व्यस्त बन्नुभएको छ। बिहीबार दिउँसो काठमाडौं आएलगत्तै उहाँले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासँग छुटाछुट्टै भेटवार्ता गर्नुभएको छ। सो भेटवार्ता समसामयिक राजनीतिक घटनाक्रम र द्विपक्षीय सम्बन्धका बारे केन्द्रित भएको बताइएको छ। प्रधानमन्त्री देउवासँगको भेटवार्ताका क्रममा देउवाले गर्ने भारत भ्रमणको बारेमा पनि छलफल भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

प्रधानमन्त्री देउवाको भारत भ्रमण भदौ ७ देखि ११ गतेसम्मका लागि तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। बिहीबार राति मधेसवादी दलका नेता र मन्त्री स्वराजबीच मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम बारेमा सोल्टी होटलमा भेटवार्ता भएको थियो। राष्ट्रिय जनता पार्टी (राजपा) का नेताहरू र स्वराजबीच सो भेटवार्ता भएको हो। स्वराजले आज शुक्रबार एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग पनि भेटवार्ता गर्दै हुनुहुन्छ।

# डा. केसीको माग पूरा गर्न मानव अधिकार समितिको निर्देशन

## चिकित्सा विधेयक पारित गर्ने प्रयास असफल

नेपाल समाचारपत्र

काठमाडौं

व्यवस्थापिका संसद्अन्तर्गतको सामाजिक न्याय तथा मानव अधिकार समितिले सरकारलाई अनशनरत डा. गोविन्द केसीको स्वास्थ्यलाई ध्यानमा राख्दै माग तत्काल पूरा गर्न निर्देशन दिएको छ।

बिहीबार बसेको समितिको बैठकले १८ दिनदेखि अनशनरत डा. केसीको माग माग पूरा गर्न निर्देशन दिएको हो। तर, समितिको बैठकमा शिक्षामन्त्री गोपालमान श्रेष्ठ र स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले केसीको माग पूरा गर्ने अधिकार संसद्सँग रहेकाले आफूहरूले पहल मात्र गर्नसक्ने बताउनुभयो।

बैठकमा सम्बोधन गर्दै स्वास्थ्यमन्त्री पोखरेलले चिकित्सा शिक्षा ऐनको दफा १२ र १३ मा विवाद आएकाले अहिलेसम्म डा. केसीको माग पूरा गर्न नसकेको प्रस्ट पार्नुभएको थियो। सरोकारवाला पक्षहरूसँग पटक-पटक बैठक बस्दा पनि निष्कर्ष निकाल्न नसकेको उहाँले बताउनुभयो।

शिक्षामन्त्री श्रेष्ठले डा. केसीको माग अत्यन्तै सम्वेदनशील र लामो छलफलको विषय भएकाले अनशन स्थगित गरेर छलफलका लागि बाटो खुलाइदिनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो- 'एक महिनाको समय दिनूस् हामी उहाँको माग सबै पूरा गर्छौं।'

बैठकमा एमालेका सांसद्हरू डा. केसीको अनशनप्रति आक्रमकरूपमा प्रस्तुत हुनुभएको थियो। बैठकमा एमाले सांसद् चन्द्रबहादुर गुरुङले आक्रोशित हुँदै भन्नुभयो- 'डाक्टर केसीजस्तै आर्मीको कमान्डर अनशन बस्ला, पुलिसको कमान्डर अनसन बस्ला, भोलि अरू कोही केही माग राखेर अनशन बस्ला, सबैको माग पूरा गरेर सम्भव हुन्छ? डा. केसीले गर्न खोजेको के हो?' उहाँले डा. केसीको मागको सान्दर्भिकता नरहेको दाबी गर्नुभएको थियो।

यता संसद्मा विचाराधीन चिकित्सा शिक्षा विधयेक पारित गराउने महिला, बालबालिका तथा जेष्ठ नागरिक समितिकी सभापतिको प्रयास असफल भएको छ। चिकित्सा शिक्षासम्बन्धी माथेमा कार्यदलको प्रतिवेदनले दिएको सुझाव र डा. केसीका मागविपरीत हुने गरी संसद्को कार्यदलले बिहीबार नै दिउँसो ३ बजे पारित गरेको प्रस्ताव साँझ पूर्ण बैठकबाट पास गर्ने समिति सभापति रञ्जु झाको तयारी सांसदहरूले असफल पारेका छन्।

बैठकमा सहभागी माओवादीकी सांसद् मुक्ता यादवका अनुसार सांसदहरू टीएल चौधरी, निशा शाह, रुक्मिणी चौधरी र उमेश श्रेष्ठलगायतले विधयेक अध्ययन गर्न समय चाहिने भन्दै टार्नुभएको थियो।

यस विधेयकले डा. केसीको अनशन पनि अन्त्य नगर्ने देखिएकाले बिहीबार विधयेक पास गर्न नहुने अडान राख्नुभएको सांसद् यादवले बताउनुभयो।

बैठकमा अधिकांश सांसद्ले फरक मत राख्दा पनि एमालेको तर्फबाट सभापति हुनुभएकी झाले विशेष आग्रह भन्दै जबर्जस्ती पारित गर्ने प्रयास गरेको सांसदहरूले बताउनुभयो। बैठकमा तनाव भएपछि एमाले सांसद वंशीधर मिश्रले अतिथि (सचिवहरू) र पत्रकारलाई बाहिर पठाएर छलफल गर्नुपर्ने प्रस्ताव राख्नुभएको थियो। सोलगत्तै सभापति झाले पत्रकार र अतिथिलाई बैठक छोडेर बाहिर जान आग्रह गर्नुभएको थियो।

त्यसअघि व्यापक विरोधका बीच समितिको चिकित्सा कार्यदलले विधेयक पारित गरेको थियो। कार्यदलले ऐन जारी हुनु पहिले मनशाय-पत्र प्राप्त गरी भौतिक पूर्वाधार पूरा गरी निरीक्षणसमेत भइसकेका निजी मेडिकल कलेजलाई सम्बन्धन दिने बाटो खुला गर्दै 'राष्ट्रिय चिकित्सा शिक्षा विधेयक' लाई अन्तिम रुप दिएको हो।

विधेयक संसद्बाट जस्ताको त्यस्तै पास भए काठमाडौंमा प्रस्तावित मनमोहन मेडिकल कलेज, नेसनल मेडिकल कलेज, पिपुल्स डेन्टल मेडिकल कलेज, ललितपुरको अश्विन कलेज र झापाको बी एण्ड सी मेडिकल कलेजले सम्बन्धन पाउने छन्।

हरेक प्रदेशमा सरकारी लगानीमा शिक्षण अस्पताल स्थापना गर्ने र मेडिकल कलेज नभएको प्रदेशमा अबको ५ वर्षभित्र सञ्चालन गर्ने व्यवस्था पनि विधेयकमा गरिएको छ।



नेवार समुदायले परम्परादेखि मनाउँदै आएको 'रोपाइँ जात्रा' हाँडीगाउँमा मनाउँदै नेवार समुदाय। तस्वीर : उजोल डंगोल/काठमाडौं

## स्थानीय तहसम्बन्धी रिट खारेज

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले स्थानीय तहको संख्या सरकारले बढाउन नपाउने भन्दै परेको रिट बिहीबार खारेज गरेको छ। रिट खारेजसँगै अब तराई-मधेसमा स्थानीय तहको संख्या बढाउने बाटो खुलेको छ। प्रधान न्यायाधीश गोपाल पराजुली र न्यायाधीश पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले उक्त रिट खारेज गरेको हो।

सरकारले केही समयअघि तराई र मधेसमा २२ वटा स्थानीय तह थप गरेको थियो। त्यसको साथै विराटनगर र वीरगन्ज उप-महानगरपालिकालाई महानगर र २४ गाउँपालिकालाई नगरपालिका बनाउने निर्णय गरेको थियो।

सरकारको निर्णयविरुद्ध अधिवक्ता धनबहादुर श्रेष्ठ र कृष्णचन्द झाले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। रिट परेपछि न्यायाधीश आनन्दमोहन भट्टराईले कारण देखाउ आदेश जारी गरेका गर्नुभएको थियो भने न्यायाधीश ईश्वरप्रसाद खतिवडा र सपना प्रधान मल्लको संयुक्त इजलासले स्थानीय तहको संख्या नथप्न अन्तरिम आदेश जारी गरेको थियो। रिटको विरुद्धमा अधिवक्ता दीपेन्द्र झा र सुनील पटेलसहितले बहस गर्नुभएको थियो। त्यस्तै संख्या थप गर्न नदिने पक्षमा शम्भु थापासहितका अधिवक्ताहरूले बहस गर्नुभएको थियो।

### बिमस्टेक...

यसका लागि कनेक्टिभिटी, स्वतन्त्र व्यापार सम्झौता, पारवहन, ऊर्जा जस्ता विषयमा परिणामुखी सहकार्य जरुरी भएकोमा मन्त्री महराले जोड दिनुभयो। सो अवसरमा बोल्दै बिमस्टेकका महासचिव सुमित नाकालान्दाले सदस्य मुलुक बीचको स्वतन्त्र व्यापार सम्झौताका लागि नेपालमा केहीपछि आयोजना हुने चौथो बिमस्टेक शिखर सम्मेलनले टुङ्गो लगाउने विश्वास व्यक्त गर्नुभयो। बिमस्टेक अन्य क्षेत्रीय र अन्तर्राष्ट्रिय निकायजस्तो नभएर मौलिक र पृथक नमुना बन्ने उहाँको दाबी छ।

यसैबीच सदस्य राष्ट्रका विदेश सचिव र उच्च अधिकारी संलग्न १८औं बैठकले क्षेत्रीय सहकार्यलाई प्रभावकारी बनाउन माउन्टेन इकोनोमी र ब्लु इकोनोमीलाई जोड दिएको छ। नेपाल जस्ता भू-परिवेष्ठित मुलुकलाई माउन्टेन तथा समुन्द्रसँगको पहुँचमा रहेका ब्लु इकोनोमीको अवधारणा अघि सारिएको छ। बैठकले क्षेत्रीय व्यापार र लगानी, प्रविधि, ऊर्जा, यातायात र सञ्चार, कृषि, साँस्कृतिक सहकार्य जस्ता विषयलाई परिणाममुखी बनाउनुपर्नेमा बैठकमा विस्तृत छलफल भएको सो बैठकको अध्यक्षता गर्नुभएको परराष्ट्र मन्त्रालयका सचिव शंकरदास बैरागीले जानकारी दिनुभयो। चौथो सम्मेलनको मिति आज शुक्रबारको मन्त्रिस्तरीय बैठकले तय गर्ने उहाँले बताउनुभयो।

## खाँडो नदीले गऱ्यो बबन्डर

राजविराज, (नेस)

बुधबार मध्यरातदेखि परेको अविरल वर्षासँगै खाँडो नदीमा आएको बाढीले सप्तरीको राजविराज नगरपालिका-१ र १५ मा कटान गर्दा एक जनाको मृत्यु भएको छ।

राजविराज नगरपालिका-१५ देउरी भरुवामा सुरक्षा फौज सेनाले नदी नियन्त्रणका लागि खटाएका स्थानीय डोमी यादवको डिस्कोले पुरिएर मृत्यु भएको छ।

दिउँसो १२ बजेर ४० मिनेटमा बेपत्ता भएका यादवको शव नभेटिएकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी मुकेशकुमार सिंहले बताउनुभयो।

बाढीले खाँडो खोला कटान गर्दा डुम्री शिवथान, बिरौल, देउरी भरुवा, महदेवा, तिलाठी, सकरपुरा, रमपुरा मल्हनियाँ, लौनिया, विषहरिया, मधेपुरालगायतका दर्जनभन्दा बढी बस्तीमा पानी पसेको छ भने स्थानीय बासिन्दा त्रसित देखिएका छन्।

### अब...

तर, कर्तव्य ज्यान, जबरजस्ती करणीसहितका १२ वटा अपराधका कसुरदारले यो सुविधा पाउने छैन। मानव बेच-विखन तथा ओसार-पसार, हात-हितार, खर-खजाना तथा विस्फोटक पदार्थ, भ्रष्टाचार, शरीर बन्धक लिने वा अपहरण गर्ने, डाँका, खोटा टक वा खोटा टिकट चलन, विदेशी विनिमय, लागूऔषधको सेवनबाहेकका सोसम्बन्धी अन्य कसुर, प्राचीन स्मारकसम्बन्धी र वन तथा वन्यजन्तुसम्बन्धी अपराधका दोषीले यो सुविधा पाउने छैन।

अदालतले सजाय निर्धारण गर्दा कसुरदारले पालना गर्नुपर्ने सर्तहरू तोक्नेछ। सर्त पालना नगरेमा वा सो अवधिमा कैद सजाय हुने कुनै कसुर गरेमा निजले आफूलाई भएको कैदको पूरा अवधि कारागारमा बसी भुक्तान गर्नुपर्ने विधेयकमा उल्लेख छ। यस विधेयकमा खुला कारागारको व्यवस्था पनि गरेको छ। कैद अवधिको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रमुखको सिफारिसमा सम्बन्धित जिल्ला अदालतको न्यायाधीशले खुला कारागारमा राख्ने आदेश दिनसक्ने व्यवस्था गरेको छ।

त्यस्तै ३ वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको १८ वर्षभन्दा बढी उमेरको र शारीरिकरूपमा स्वस्थ रहेको कसुरदारले चाहेमा निजलाई कारागारले सार्वजनिक कामको श्रममा लगाउन सक्नेछ। सार्वजनिक कामको श्रममा लगाइएको कसुरदारले प्रति ३ दिन श्रम गरेबापत थप एक दिनको दरले निजको कैद कट्टा हुने व्यवस्था पनि विधेयकमा गरिएको छ।

बिहीबारकै संसद् बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट मन्त्री थापाले 'राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक, २०७४ माथि विचार गरियोस्' भनी प्रस्तुत गर्नुभएको प्रस्तावलाई बैठकले स्वीकृत गरेको छ। वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) विधेयक २०७४ पनि प्रस्तुत भएको छ भने 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) पहिलो संशोधन विधेयक २०७४' माथि दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाउने प्रस्तावलाई पनि स्वीकृत गरिएको छ।

त्यस्तै, लेखा परीक्षण विधेयक २०७३ लाई सम्बन्धित समितिमा पठाउन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रस्तुत गर्नुभएका प्रस्तावलाई पनि बैठकले स्वीकृत गरेको छ भने अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिका सभापति जुठबहादुर टुहुरे खड्गीले श्रम विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो।

### वसन्तपुर...

नौतले पुनर्निर्माण अघि चिनियाँ ठेकेदारले दरबार क्षेत्रमा स्काफोल्डिङको काम धमाधम शुरु गरिरहेका छन्। चीन र नेपाल सरकारबीचको पटक-पटक छलफलपछि नौतले दरबार र सँगै रहेको तीन वटा संरचना निर्माण गर्ने सम्झौता भएको हो। वसन्तपुर दरबार परिसरको ५ हजार ६ सय वर्गमिटर क्षेत्रको संरक्षण गर्न चिनियाँ र नेपाली पक्षका प्राविधिकहरूबीच छलफल भएपछि पुनर्निर्माणको काम शुरु गर्न लागिएको हो। पुनर्निर्माण गर्न चिनीया टोली गत डिसेम्बरको अन्तिम साता नेपाल आएको थियो।

आउँदो मंगलबार पुनर्निर्माणको शुरुआत गर्न सम्पूर्ण तयारी पूरा भएको छ । पुनर्निर्माणमा चिनियाँ पक्षका एजेन्सी फर इन्टरनेसनल इकोनोमिक को-अपरेसनका कार्यकारी निर्देशक ह्याङ हीले चीन सरकारको तर्फबाट संयोजन गर्नुहुने भएको छ । नेपालको तर्फबाट हनुमानढोका दारबार हेरचाह अड्डाले गर्ने भएको छ।

वसन्तपुर क्षेत्रको प्रारम्भिक अनुसन्धान, सर्भे, नापजाँच, निर्माण र व्यवस्थापनका लागि आवश्यक इन्जिनियर र अन्य प्राविधिकहरू चिनियाँ पक्षले नियुक्ति गर्ने, पुनरुद्धारको क्रममा चिनियाँ पक्षले आयात गर्ने विभिन्न मेसिनरी औजार, सामग्री र जनशक्ति परियोजना स्थलमा निर्वाधरूपमा लैजान र आउन जान दिनुपर्ने, नेपालले चिनियाँ पक्षलाई सम्पदा संरक्षणसम्बन्धी तालिम दिनुपर्ने सम्झौतामा उल्लेख छ।

परियोजनाका लागि आवश्यक पर्ने औजार, निर्माण सामग्री, कार्यालय व्यवस्थापनको सामग्री खरिद र ढुवानी खर्च चीन सरकारले बेहोर्नुपर्ने, नेपाल आयात गरिएको सूची एक महिनाभित्र नेपाल पक्षलाई उपलब्ध गराउने, परियोजना अवधिभरको सुरक्षा र आवश्यक पर्ने कर छुटको व्यवस्था नेपाल सरकारले गर्नुपर्ने, नेपालको आन्तरिक समस्या, दुवै देशको राजनैतिक कूटनैतिक कारण वा दुवै पक्षले सम्झौता अस्वीकार गरेको अवस्थामा सम्झौता निलम्बन हुने र त्यसको क्षतिपूर्ति र हानी-नोक्सानी दुवै पक्षले बेहोर्ने सम्झौतामा उल्लेख गरिएको छ।

चिनियाँ पक्षलाई नेपाल सरकारले पुनर्निर्माण परियोजना सम्पन्न भएको १० दिनभित्र परियोजना हस्तान्तर गरी प्रमाणपत्र दिनुपर्ने, पुनर्निर्माण शुरु भएपछि २ वर्षसम्म चिनियाँ पक्षले अनुगमन गर्ने, दुवै पक्षको सहमतिबेगर परियोजनासँग सम्बन्धित ड्रोइङ, डिजाइन तेस्रो पक्षलाई उपलब्ध गराउन नपाइनेलगायतका विषय सम्झौतापत्रमा उल्लेख गरिएको छ। सम्पदा पुनर्निर्माण निर्देशिका २०७२ अनुसार सो क्षेत्रको मौलिकता, कायम हुने गरी परम्परागत निर्माण सामग्री प्रयोग गर्दै पुरातत्त्व विभागको प्रत्यक्ष निगरानी र अनुगमनमा चिनियाँ पक्षले परियोजनाको पुनर्निर्माण शुरु गर्ने भएको छ। परियोजनाको सम्पूर्ण लागत चीन सरकारको अनुदानबाट प्राप्त रकम किस्ताबन्दीमा चिनियाँ विकास बैंक र नेपाल राष्ट्र बैंकमा जम्मा गर्ने सम्झौता भएको छ।



# अर्थ

कोषले घोषणा गरेको लाभांश सुरक्षित गर्ने अन्तिम दिनमा बजारमा लगानीकर्ताको आकर्षण देखिएको हो। सो क्रममा कोषका कुल ६ करोड ६४ लाख ३२ हजार रुपियाँ बराबरको शेयर किनबेच भयो


ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| बिर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


# शेयरमा गिरावट

नेपाल समाचारपत्र
काठमाडौं

बिहीबार नेप्से परिसूचकमा ८ दशमलव १९ अंकको गिरावट आएको छ। बुधबार ६ दशमलव २२ अंकले घटेको शेयर बजारमा साताको अन्तिम दिन पनि करेक्सन देखिएको हो।

हिजो १ हजार ६ सय ६१ दशमलव ७२ अंकबाट शुरु भएको बजार १ हजार ६ सय ५३ दशमलव ५३ को बिन्दुमा कारोबार बन्द भएको हो।

बजार परिसूचक घट्नुमा हिजो कारोबारमा आएका ८ मध्ये ६ समूहमा आएको गिरावट प्रमुख कारण बन्यो। हिजो कारोबारमा आएका वित्त र उत्पादनमूलक समूहबाहेक अरु समूहमा सुधार आएनन्। त्यस्तै परिसूचकमा गिरावट आउँदा हिजो कारोबार रकममा भने सुधार आएको छ। अघिल्लो दिन ९१ करोड ६२ लाख रुपियाँ बराबरको शेयर किनबेच भएको बजारमा हिजो भने ९२ करोड ७९ लाख ३० हजार २ सय ३९ रुपियाँको शेयर किनबेच भए। यसक्रममा ७ हजार ९ सय ७५ कारोबारमार्फत १ सय ६१ कम्पनीका २० लाख १० हजार ४ सय ७७ कित्ता शेयर किनबेच भए।

हिजो बीमा समूहको परिसूचक सर्वाधिक १६ दशमलव ७५ अंकले घट्यो। त्यस्तै विकास बैंक १२ दशमलव ३६, बैंक समूह ९ दशमलव ९१ र होटल समूहमा ४ दशमलव ४६ अंकको गिरावट आए। जलविद्युत् र अन्य समूह पनि क्रमश: २ दशकलव ३७, ३ दशमलव ७६ अंकले घटे।

हिजो फाइनान्स समूह १ दशमलव ११ र उत्पादमूलक समूह १२ दशमलव ३४ अंकले उकासिए।

हिजो सबैभन्दा बढी खरिद बिक्री नागरिक लगानी कोषको शेयर भएको छ। कोषले घोषणा गरेको लाभांश सुरक्षित गर्ने अन्तिम दिनमा बजारमा लगानीकर्ताको आकर्षण देखिएको हो। सो क्रममा कोषको कुल ६ करोड ६४ लाख ३२ हजार रुपियाँ बराबरको शेयर किनबेच भयो। कोषले २१ दशमलव ८५ प्रतिशत बोनस शेयर दिएको थियो। कारोबार रकमका आधारमा स्ट्यान्डर्ड चार्टर्ड बैंक र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी क्रमश: दोस्रो र तेस्रो स्थानमा रहे। स्ट्याण्डर्ड चार्टर्ड बैंकको ४ करोड ६० लाख रुपियाँ र नेपाल लाइफ इन्स्योरेन्सको ३ करोड ८९ लाख रुपियाँभन्दा बढीको शेयर कारोबार भएको हो।

हिजो प्रोग्रेसिप फाइनान्सका लगानीकर्ताले सर्वाधिक कमाएका छन्। हिजो सो कम्पनीमा लगानीकर्ताले ९ दशमलव ७५ प्रतिशत कमाउँदा कुवेर मर्चेण्ट फाइनान्सका लगानीकर्ताले सबैभन्दा धेरै ९ दलशमलव ७८ प्रतिशत शेयर मूल्य गुमाए। यो कम्पनीमा शेयरमा प्रतिशेयर २३ रुपियाँको गिरावट आएको छ।

हिजो 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १ दशमलव ९४ अंकले घटेर ३ सय ४७ दशमलव शून्य ३ अंकमा आइपुगेको छ।

# अनुमतिपत्र नपाउँदा ग्यास ढुवानीमा समस्या

## ४ सय थान बुलेट भारतमै अलपत्र

काठमाडौं, (नेस)

एलपी ग्यास ढुवानीका लागि नेपाल आयल निगमले अनुमति दिए पनि विस्फोटक अनुमतिपत्र पाउन नसक्दा नेपाली व्यवसायीले ग्यास ढुवानी गर्न पाएका छैनन्।

संघले बुधबार राजधानीमा पत्रकार भेटघाटको आयोजना गरी संघका अध्यक्ष शिव घिमिरेले बुलेट सञ्चालनका लागि विस्फोटक (एक्सप्लोसिभ) अनुमतिपत्र दिलाउन भारत सरकारसमक्ष नेपालले पहल गर्न नसक्दा समस्या परेको बताउनुभयो। स्पष्ट कार्यादेशको कारण देखाउँदै भारतीय पेट्रोलियम एण्ड सेफ्टी अर्गनाइजेसनले निर्माण गरेका ४ सयभन्दा बढी बुलेटका लागि विस्फोटक अनुमति पत्र दिएको छैन। भारत सरकारबाट अनुमतिपत्र दिलाउन सरकारले पहल नगरेको घिमिरेको आरोप छ।

यसले गर्दा चार महिनापछि नेपाली बजारमा ग्यासको अभाव सृजना हुनेसमेत घिमिरेको भनाइ छ।

आयल निगमले अघिल्लो वर्षको असारमा ७ सय ७५ थान बुलेट सञ्चालनका लागि स्वीकृति दिएपछि ग्यास उद्योगीले बुलेटका लागि ५ अर्ब रुपियाँभन्दा बढी लगानी गरेको थियो। यसमध्ये ३ अर्बको लगानीमा निर्माण भएका ४ सय थान बुलेट पनि विस्फोटक अनुमति पत्र नपाउँदा भारतमै अलपत्र परेको बताइएको छ।

हाल एलपी ग्यास आपूर्ति व्यवस्थापनका लागि नेपाली ग्यास उद्योग र भारतीय ग्यास ढुवानीकर्ताबीच भएको सहमति र सरकार एवं नेपाल आयल निगमको नीति अनुरुप आगामी नोभेम्बरबाट भारतीय ग्यास ढुवानी कम्पनीले ग्यास ढुवानी नगर्ने सहमति भइसकेको छ। तर नेपालका तर्फबाट बुलेटहरु समयमा सञ्चालन हुन नसके आगामी मंसिरपछि ग्यास ढुवानीमा समस्या हुने पनि सो भेटघाटमा बताइयो।

# राजदूतद्वारा कृषि फार्मको अवलोकन

नेपाल समाचारपत्र
लमजुङ

इजरायली राजदूत यारोन मायरले लमजुङमा सञ्चालन गरिएको एकीकृत कृषि फार्मको अवलोकन गर्नुभएको छ। सुन्दरबजार नगरपालिका-३, दुराडाँडामा सञ्चालन गरिएको एकीकृत कृषि फार्मको राजदूत मायरसहित जिल्लाका सांसदलगायत अन्य जनप्रतिनिधिहरूको टोलीले अवलोकन गरेको हो।

कृषि वस्तीको अवलोकनपछि राजदूत मायरले नेपाललाई एक कृषि नमुना देश बनाउने सकिने बताउनुभयो। उहाँले आराभा मरुभूमिजस्तो ठाउँमा त कृषिको प्रशिक्षण तथा काम गर्न सक्ने नेपाली युवाहरूले नेपालको कृषि सुहाउँदो हावापानीमा कृषि व्यवसायमा राम्रो विकास गर्न सकिने बताउनुभयो।

इजरायलको आराभा भन्ने मरुभूमिमा कृषिसम्बन्धी प्रशिक्षण तथा व्यवसाय गरी फर्केका युवाहरूले सो फर्म सञ्चालन गरेका हुन्। अर्चल्यानीको २ सय २० रोपनीको जग्गामा आराभा नेपाल मोर्डन एग्रिकल्चर कम्पनी लिमिटेड नाउँमा आधुनिक कृषि फर्म सञ्चालन गरिएको हो।

कम्पनीको निर्देशक विष्णुकुमार श्रेष्ठले ७४ जना युवाहरू मिलेर उक्त कम्पनी सञ्चालनमा ल्याएको बताउनुभयो। श्रेष्ठका अनुसार हाल संस्थामा १४ जना युवाहरू आबद्ध छन्। त्यसमा इजरायलमा गएर कृषिसम्बन्धी पढेका तथा गैरआवासीय नेपालीहरूसहित २४ जिल्लाका ५३ जना युवाहरू रहेका छन्। उनीहरू प्रत्येक व्यक्ति २ लाखदेखि १० लाखसम्मको लगानीमा कृषि फार्म सञ्चालनमा ल्याएको संस्थाका अध्यक्ष विनोद घिमिरेले बताउनुभयो।

गत माघदेखि निर्माणको काम शुरू भए पनि ठूलो योजना भएका कारण समयमा नै फार्म पूरा गर्न नसकिएको कम्पनीका सञ्चालक कृष्णप्रसाद बजागाईंले बताउनुभयो। 'हामीले ८ रोपनी जमीनमा बेमौसमी तरकारी, आँप, अङगुर, अनारजस्ता बेमौसमी फलफूल, १० हजार कुखरा, २५ वटा बागुर, माछा पालान, बाख्रा फर्म, गाई फर्मको सञ्चालन गर्ने योजना बनाएका छौं।' -बजागाईंले भन्नुभयो। उहाँका अनुसार उक्त कम्पनीले अहिले काउली, बन्दा, गोलभेंडा, भेंडे खुर्सानी आदि तरकारीका बिरुवाहरूको नर्सरी बनाइसकेको र ५ रोपनी जग्गामा विदेशबाट नै मगाएको प्लास्टिकले इजरायल देशको जस्तै सुविधायुक्त ग्रीन हाउसको निर्माण गरिएको छ।

सो फर्मको निर्माणका लागि अहिलेसम्म जिल्ला कृषि विकास कार्यालयबाट एउटा हाते ट्र्याक्टर, जिल्ला पशु सेवा कार्यालयले डेरी उद्योगका लागि २ लाख ५० हजार सहयोग गरिएको निर्देशक श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार बिजुली बत्तीका लागि नेपाल विद्युत् प्राधिकरण क्षेत्रीय निर्देशनालय पोखराले सिंगल फेजको लाइन उपलब्ध गराएको छ। प्राधिकरणकै सहयोगमा थ्री फेजको काम अन्तिम चरणमा पुगेको छ। लमजुङ जिल्लाभरि विभिन्न नाममा रहेको तरकारी समूहमा मिलेर उत्पादन गरिएको तरकारीहरूलाई संकलन गर्ने र गाई, भैंसी पालेका किसानहरूको घर घरमा गई दूध संकलन गरी डेरीसम्म ल्याइदिने योजना बनाएको सञ्चालक बजगाईंले बताउनुभयो।

अवलोकन कार्यक्रममा सांसद भीष्मनाथ अधिकारी, चन्द्रबहादुर कुँवर, जमिन्द्रमान घले, सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्र, साना किसानका प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्मा, लमजुङ उद्योग वाणिज्यका अध्यक्ष राजेश थापा लगायतको उपस्थित रहेको थियो।


नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...


CENTURY BANK सेञ्चुरी बैंक

## धितोमा रहेको सम्पत्ति लिलाम विक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७४/०४/२७)

तपसिलमा उल्लेखित ऋणीले यस सेञ्चुरी कमर्सियल बैक लि. प्रधान कार्यालय पुतलीसडक, काठमाडौंबाट बिभिन्न शीर्षक अन्तर्गतको ऋण कर्जा लिए बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावां, व्याज, थप व्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा एवं मिति २०७३/१२/३१ गतेको आर्थिक दैनिक पत्रीकामा "ऋण चुक्ता गर्नेवारे ३५ दिने सार्वजनिक सूचना" र मिति २०७४/०३/०१ गतेको अभियान दैनिक पत्रीकामा "ऋण चुक्ता गर्नेवारे १५ दिने सार्वजनिक सूचना" प्रकाशित गर्दा समेत बैंकको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले ऋणीले ऋणकर्जा लिदाँ धितो सुरक्षण वापत लेखिदिनुएको तपसील बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ७ दिन पश्चात् अर्थात तपसीलमा उल्लेखित मिति, समय तथा स्थानमा गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गरिने हुंदा उक्त सम्पत्ति लिन इच्छुक व्यक्ति, फर्म तथा संगठित संघ संस्थाहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित ऋण रकम वापत धितो जमानत दिनु हुने र सम्बन्धित सरोकारवाला सबैलाई धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्री गर्दा पनि बैंकको सम्पूर्ण रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय सस्थाको ऋण असुली ऐन, २०५८ र ऐ को नियमावली २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिवाट धितोले नखामेको वक्यौता कर्जा रकम असूल उपरका लागि मुद्दा दायर गरी कारवाही गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सरोकारवाला सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । तसर्थ, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत बिशेष अनुरोध गरिएको छ ।

तपसिल

| क्र.सं. | ऋणीको नाम ठेगाना | धितोको विबरण |
|---|---|---|
| १ | नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्टरको कार्यालय काठमाडौमा मिति २०६०/०४/०६ मा दर्ता भई प्रा.फ.र.नं.२४५४१।०६०।६१ कायम भएको का.म.न.पा. वडा नं. १०, बानेश्वरमा मा फर्मको ठेगाना रहेको **श्री त्रिकोण स्वास्थ्य प्रतिष्ठान प्रा. लि.**<br>**संचालक तथा ब्यक्तिगत जमानतकर्ता:**<br>**१. श्री शिव राम थापा**<br><br>बुवा : **राम बहादुर थापा**<br>बाजे : **चन्द्र बहादुर थापा**<br>ठेगाना: काभ्रे जिल्ला, सुब्बागाउँ ८ भई हाल का.जि. डिल्लीबजार, काठमाडौ, वडा नं. ३१ ना.प्र.नं. ५९७५३ मिति २०५२/०९/०२ जि.प्र.का. काभ्रे | **१. ऋणी फर्मसंग रहेको मौज्दातको हाईपोथिकेसन सुरक्षण ।**<br>**२.श्री बिनु क्षेत्रीको** नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु गा.वि.स. वडा नं ९ क स्थित (हाल चन्द्रगिरी नगरपालिका) कित्ता नं ३८, ३९, ४०, ४१, ४३, ४५, ३२०, ३२१ र ३३२ क्षेत्रफल (३-१२-०-० रोपनी) को जग्गा र सोमा भएको/बन्ने घर, टहरा लगायत लिगलगापत समेत सम्पुर्ण ।<br>**३. ब्यक्तिगत जमानतकर्ता:**<br>**श्रीमती बिनु क्षेत्री**<br><br>बुवा : **धन बहादुर क्षेत्री**<br>ससुरा : **राम बहादुर थापा**<br>पति: **शिव राम थापा**<br>ठेगाना: दयानगर ३, रुपन्देही, हाल का.जि. डिल्लीबजार, काठमाडौ, वडा नं. ३१ ना.प्र.नं. ६६५१ मिति २०४४/०९/२४ जि.प्र.का. रुपन्देही |

**लिलामीका शर्तहरु**

१ बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय, पुतलीसडक बाट रु.५००/- बुझाई प्राप्त गर्न सकिने छ ।
२. उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गरि लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
३. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्वन्धित कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको केन्द्रीय कार्यालय, पुतलीसडकमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
४. सकारगरी लिन चाहेको सम्पती के कती रकममा लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ ।
५. आफुले कबोल गरेको रकमको १० प्रतिशत ले हुन आउने धरौटी रकम बापत यस बैंकको नाममा रहेको खाता नं. Escrow Account No. ९१८०४५०१६०० जम्मा गरी नगद जम्मा भौचर समेत शिलबन्दी बोलपत्रका साथ समाबेस गरि पेश गर्नु पर्नेछ ।
६. शिलबन्दी बोलपत्र यो सुचना प्रकासित भएको मितिले ७ दिन अर्थात मिति २०७४/०५/०१ गते भित्र बैंकको प्रधान कार्यालय पुतलीसडक, काठमाडौमा प्राप्त भई सक्नु पर्ने छ ।
७. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको पहिलो दिनको दुई बजे सम्म बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगतै बैंक खुलेको दिन सोहि समयमा बोलपत्र खोलिनेछ ।
८ शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय पुतलीसडक, काठमाडौमा बोलपत्रदाता वा निजको प्रतिनिधी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
९. लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बांकी रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनु पर्ने छ। उक्त बांकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
१०. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा बैंकले प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
११. उक्त लिलाममा राखेको सम्पत्ति नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर र धारा बिजुली शुल्क (बांकी बक्यौता समेत) आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नु पर्नेछ ।
१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
यस सम्बन्धमा अन्य जानकारीको लागी यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली बिभाग पुतलीसडक प्रधान कार्यालय पुतलीसडक, काठमाडौमा सम्पर्क राख्नहुन अनुरोध छ ।
१३. बोलपत्र खोले पश्चात बोलपत्र दाताहरु मध्ये सबै भन्दा बढी बोलपत्र पेश गर्ने सँग बोलपत्र रकमको सम्बन्धमा आवश्यक्ता अनुसार सहमती गरी रकम बढाउन सकिनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४ साल भदौ ०१ गते विहीबार**
**बोलपत्र खोलिने मिति : २०७४ साल भदौ ०२ गते शुक्रबार**
**समय: अपरान्ह १:३० बजे**
**स्थान: सेञ्चुरी कमर्सियल बैंक लिमिटेड प्रधान कार्यालय पुतलीसडक, काठमाडौ ।**

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
केन्द्रीय कार्यालय: पुतलीसडक, काठमाडौं
फोन नं. ४४१२५७९,४४२८३९२, फ्याक्स नं. ४४४१४२२
Email: welcome@centurybank.com.np, Website: centurybank.com.np

# SHARE MARKET

**10 AUGUST THURSDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 21245.00 | 454.00 | 443.00 | 450.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 4716.00 | 645.00 | 629.00 | 644.00 | 1.00 |
| 3 | Arun Finance Limited | 970.00 | 189.00 | 180.00 | 184.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 8529.00 | 400.00 | 392.00 | 393.00 | -7.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 13978.00 | 273.00 | 266.00 | 267.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 7625.00 | 1628.00 | 1597.00 | 1624.00 | -4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13119.00 | 485.00 | 475.00 | 476.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1076.00 | 247.00 | 241.00 | 247.00 | -2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1683.00 | 286.00 | 284.00 | 286.00 | -3.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 110.00 | 7150.00 | 7010.00 | 7150.00 | 0.00 |
| 11 | Butwal Power Company Limited | 3605.00 | 653.00 | 641.00 | 653.00 | 3.00 |
| 12 | Central Finance Co. Ltd. | 432.00 | 205.00 | 200.00 | 203.00 | -1.00 |
| 13 | Century Commercial Bank Ltd. | 20797.00 | 264.00 | 260.00 | 262.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 6501.00 | 1690.00 | 1658.00 | 1666.00 | -4.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 2022.00 | 260.00 | 238.00 | 260.00 | 0.00 |
| 16 | Chilime Hydropower Company Limited | 9472.00 | 800.00 | 796.00 | 800.00 | 3.00 |
| 17 | Citizen Bank International Limited | 23758.00 | 388.00 | 380.00 | 381.00 | -6.00 |
| 18 | Citizen Investment Trust | 14132.00 | 4750.00 | 4600.00 | 4730.00 | 30.00 |
| 19 | Civil Bank Ltd | 25351.00 | 255.00 | 247.00 | 249.00 | -1.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 3351.00 | 1384.00 | 1350.00 | 1384.00 | 31.00 |
| 21 | Deprosc Development Bank Limited | 6129.00 | 1464.00 | 1395.00 | 1440.00 | 0.00 |
| 22 | Deva Bikas Bank Limited | 16576.00 | 270.00 | 265.00 | 265.00 | -4.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 365.00 | 194.00 | 191.00 | 194.00 | 0.00 |
| 24 | Everest Bank Limited | 16438.00 | 1415.00 | 1390.00 | 1401.00 | -4.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 20.00 | 832.00 | 816.00 | 832.00 | 32.00 |
| 26 | Everest Insurance Co. Ltd. | 968.00 | 2725.00 | 2603.00 | 2655.00 | -55.00 |
| 27 | Excel Development Bank Ltd. | 4253.00 | 718.00 | 705.00 | 705.00 | -15.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 6697.00 | 1140.00 | 1120.00 | 1130.00 | 6.00 |
| 29 | Forward Com. Mic. Bittiya San. Ltd. | 5334.00 | 3875.00 | 3742.00 | 3850.00 | -45.00 |
| 30 | Gandaki Bikas Bank Limited | 12158.00 | 419.00 | 411.00 | 415.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 17296.00 | 286.00 | 280.00 | 280.00 | -2.00 |
| 32 | General Finance Ltd. | 120.00 | 190.00 | 190.00 | 190.00 | -3.00 |
| 33 | Global IME Bank Limited | 21635.00 | 401.00 | 393.00 | 398.00 | -1.00 |
| 34 | Global IME Samunnat Scheme-1 | 5000.00 | 9.75 | 9.75 | 9.75 | -0.06 |
| 35 | Goodwill Finance Co. Ltd. | 917.00 | 201.00 | 200.00 | 201.00 | 1.00 |
| 36 | Green Development Bank Ltd. | 300.00 | 667.00 | 616.00 | 667.00 | 41.00 |
| 37 | Guheshowori Mer.Bank & Fin. Co. Ltd. | 200.00 | 270.00 | 270.00 | 270.00 | 0.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 6287.00 | 1209.00 | 1190.00 | 1190.00 | -5.00 |
| 39 | Gurkhas Finance Ltd. | 6350.00 | 200.00 | 197.00 | 197.00 | -4.00 |
| 40 | Himalayan Bank Limited | 2452.00 | 920.00 | 904.00 | 915.00 | 1.00 |
| 41 | Himalayan Distillery Limited | 730.00 | 1980.00 | 1900.00 | 1980.00 | 53.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 3901.00 | 840.00 | 820.00 | 830.00 | -5.00 |
| 43 | ICFC Finance Limited | 3994.00 | 290.00 | 281.00 | 281.00 | -4.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 54669.00 | 192.00 | 186.00 | 190.00 | 1.00 |
| 45 | Janaki Finance Ltd. | 410.00 | 290.00 | 285.00 | 290.00 | 5.00 |
| 46 | Janata Bank Nepal Ltd. | 28497.00 | 283.00 | 277.00 | 277.00 | -4.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 180.00 | 3710.00 | 3641.00 | 3661.00 | -49.00 |
| 48 | Jebils Finance Ltd. | 574.00 | 252.00 | 247.00 | 251.00 | 3.00 |
| 49 | Jebils Finance Ltd. Promoter Share | 57180.00 | 130.00 | 130.00 | 130.00 | 0.00 |
| 50 | Jyoti Bikas Bank Limited | 12497.00 | 205.00 | 200.00 | 202.00 | -1.00 |
| 51 | Kabeli Bikas Bank Limited | 49.00 | 445.00 | 445.00 | 445.00 | 6.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 16658.00 | 332.00 | 328.00 | 328.00 | -5.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 1264.00 | 2305.00 | 2280.00 | 2280.00 | -10.00 |
| 54 | Kanchan Development Bank Limited | 2800.00 | 285.00 | 280.00 | 280.00 | 4.00 |
| 55 | Kankai Bikas Bank Ltd. | 250.00 | 225.00 | 222.00 | 225.00 | 0.00 |
| 56 | Karnali Development Bank Limited | 3538.00 | 315.00 | 306.00 | 309.00 | 0.00 |
| 57 | Khanikhola Hydropower Co. Ltd. | 497.00 | 198.00 | 193.00 | 197.00 | -3.00 |
| 58 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 684.00 | 3305.00 | 3281.00 | 3281.00 | -19.00 |
| 59 | Kuber Merchant Finance Limited | 5230.00 | 231.00 | 212.00 | 212.00 | -23.00 |
| 60 | Kumari Bank Limited | 24375.00 | 323.00 | 317.00 | 318.00 | -3.00 |
| 61 | Lalitpur Finance Ltd. | 428.00 | 206.00 | 200.00 | 200.00 | -10.00 |
| 62 | Laxmi Bank Limited | 17183.00 | 355.00 | 345.00 | 345.00 | -8.00 |
| 63 | Laxmi Equity Fund | 5000.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1780.00 | 2124.00 | 2098.00 | 2098.00 | -12.00 |
| 65 | Laxmi Value Fund-1 | 51700.00 | 12.70 | 11.72 | 11.72 | -1.24 |
| 66 | Life Insurance Co. Nepal | 1189.00 | 2405.00 | 2400.00 | 2400.00 | -20.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 13085.00 | 228.00 | 224.00 | 226.00 | -2.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 5718.00 | 1030.00 | 997.00 | 1018.00 | 2.00 |
| 69 | Machhapuchhre Bank Limited | 12860.00 | 351.00 | 343.00 | 346.00 | 1.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 782.00 | 1254.00 | 1176.00 | 1254.00 | 42.00 |
| 71 | Manjushree Finance Ltd. | 10064.00 | 160.00 | 157.00 | 157.00 | -3.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 4364.00 | 2549.00 | 2476.00 | 2476.00 | -40.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 1535.00 | 3060.00 | 2900.00 | 3060.00 | 140.00 |
| 74 | Miteri Development Bank Limited | 1933.00 | 565.00 | 550.00 | 565.00 | 11.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 30.00 | 1387.00 | 1360.00 | 1387.00 | 5.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 10977.00 | 675.00 | 649.00 | 670.00 | 8.00 |
| 77 | Multipurpose Finance Co. Limited | 8.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 78 | Nabil Balance Fund 1 | 140359.00 | 22.50 | 22.00 | 22.20 | 0.30 |
| 79 | Nabil Bank Limited | 10168.00 | 1779.00 | 1736.00 | 1758.00 | -22.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 9606.00 | 1280.00 | 1269.00 | 1269.00 | -5.00 |
| 81 | Nabil Equity Fund | 24965.00 | 10.02 | 9.93 | 10.00 | 0.00 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1843.00 | 3510.00 | 3400.00 | 3499.00 | -22.00 |
| 83 | National Hydro Power Company Limited | 106230.00 | 155.00 | 152.00 | 154.00 | -1.00 |
| 84 | National Life Insurance Co. Ltd. | 2922.00 | 2040.00 | 2005.00 | 2025.00 | -5.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 2559.00 | 3761.00 | 3723.00 | 3725.00 | -36.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 531.00 | 2760.00 | 2743.00 | 2743.00 | -17.00 |
| 87 | NB Insurance Co. Ltd. | 3395.00 | 1308.00 | 1281.00 | 1291.00 | 10.00 |
| 88 | Neco Insurance Co. Ltd. | 15454.00 | 1160.00 | 1127.00 | 1150.00 | 4.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 35940.00 | 380.00 | 375.00 | 378.00 | -4.00 |
| 90 | Nepal Bank Limited | 37883.00 | 362.00 | 356.00 | 357.00 | -4.00 |
| 91 | Nepal Community Dev. Bank Ltd. | 2139.00 | 335.00 | 320.00 | 330.00 | 5.00 |
| 92 | Nepal Credit And Co. Bank Limited | 24594.00 | 374.00 | 366.00 | 370.00 | 0.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 6480.00 | 710.00 | 705.00 | 706.00 | -5.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 5929.00 | 890.00 | 851.00 | 871.00 | -8.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 16315.00 | 1635.00 | 1574.00 | 1596.00 | -39.00 |
| 96 | Nepal Investment Bank Limited | 19340.00 | 774.00 | 769.00 | 770.00 | -3.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro.r Share | 3511.00 | 680.00 | 673.00 | 676.00 | -3.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 17587.00 | 2234.00 | 2200.00 | 2215.00 | -10.00 |
| 99 | Nepal SBI Bank Limited | 5714.00 | 943.00 | 925.00 | 928.00 | -7.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 4170.00 | 1520.00 | 1470.00 | 1472.00 | -33.00 |
| 101 | Ngadi Group Power Ltd. | 1278.00 | 287.00 | 276.00 | 282.00 | 8.00 |
| 102 | NIBL Pragati Fund | 8838.00 | 10.00 | 9.65 | 10.00 | 0.30 |
| 103 | NIBL Samriddhi Fund 1 | 48456.00 | 13.10 | 12.52 | 13.10 | 0.10 |
| 104 | NIC Asia Bank Ltd. | 8816.00 | 465.00 | 459.00 | 462.00 | -3.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 1351.00 | 2195.00 | 2130.00 | 2130.00 | -30.00 |
| 106 | NLG Insurance Company Ltd. | 4572.00 | 1630.00 | 1572.00 | 1610.00 | 7.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 2407.00 | 2999.00 | 2970.00 | 2972.00 | -8.00 |
| 108 | NMB Bank Limited | 9234.00 | 548.00 | 540.00 | 544.00 | -4.00 |
| 109 | NMB Hybrid Fund L-1 | 36213.00 | 10.00 | 9.90 | 10.00 | -0.03 |
| 110 | NMB Sulav Investment Fund-1 | 273210.00 | 14.52 | 14.30 | 14.32 | -0.18 |
| 111 | Om Development Bank Ltd. | 7064.00 | 433.00 | 427.00 | 428.00 | -7.00 |
| 112 | Oriental Hotels Limited | 8044.00 | 949.00 | 922.00 | 924.00 | -11.00 |
| 113 | Pokhara Finance Ltd. | 110.00 | 256.00 | 252.00 | 252.00 | 1.00 |
| 114 | Prabhu Bank Limited | 22440.00 | 400.00 | 396.00 | 397.00 | -3.00 |
| 115 | Prabhu Insurance Ltd. | 9574.00 | 1218.00 | 1200.00 | 1211.00 | 6.00 |
| 116 | Premier Insurance Co. Ltd. | 1961.00 | 1860.00 | 1820.00 | 1820.00 | -28.00 |
| 117 | Prime Commercial Bank Ltd. | 25147.00 | 451.00 | 443.00 | 448.00 | -1.00 |
| 118 | Prime Life Insurance Company Limited | 7916.00 | 2715.00 | 2680.00 | 2704.00 | 4.00 |
| 119 | ProgressiveFinance Limited | 10752.00 | 259.00 | 239.00 | 259.00 | 23.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 8648.00 | 1579.00 | 1570.00 | 1575.00 | 3.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 687.00 | 321.00 | 309.00 | 310.00 | -5.00 |
| 122 | Rastriya Beema Company Limited | 735.00 | 18100.00 | 17700.00 | 17800.00 | 100.00 |
| 123 | Rastriya Beema Co. Ltd Promoter Share | 1511.00 | 16200.00 | 15555.00 | 15676.00 | -124.00 |
| 124 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 125.00 | 2230.00 | 2205.00 | 2210.00 | -26.00 |
| 125 | Reliance Finance Ltd. | 2191.00 | 225.00 | 218.00 | 219.00 | -3.00 |
| 126 | Ridi Hydropower Development Company Ltd. | 2750.00 | 196.00 | 190.00 | 194.00 | 1.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2598.00 | 3190.00 | 3101.00 | 3151.00 | -5.00 |
| 128 | Rural Microfinance Dev. Centre Ltd. | 5787.00 | 865.00 | 820.00 | 847.00 | 19.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 1392.00 | 1790.00 | 1760.00 | 1771.00 | 11.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 250.00 | 379.00 | 379.00 | 379.00 | 4.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 7375.00 | 1684.00 | 1634.00 | 1679.00 | 9.00 |
| 132 | Sanima Bank Limited | 24557.00 | 426.00 | 420.00 | 421.00 | -3.00 |
| 133 | Sanima Mai Hydropower Ltd. | 2889.00 | 594.00 | 581.00 | 583.00 | -6.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 836.00 | 200.00 | 194.00 | 194.00 | 0.00 |
| 135 | Shangrila Development Bank Ltd. | 5582.00 | 418.00 | 410.00 | 410.00 | -5.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 6702.00 | 2167.00 | 2115.00 | 2132.00 | 7.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 12046.00 | 440.00 | 435.00 | 437.00 | 0.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 1410.00 | 495.00 | 476.00 | 476.00 | -19.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 800.00 | 475.00 | 466.00 | 466.00 | 4.00 |

Total Amount Rs. 927,930,239 Total Quantity 2,010,477 Total No of Transactions 7,975

२०७४, साउन
शुक्रबार
२७

# अर्थ

# जिल्ला तथा नगर उपाध्यक्षको निर्वाचन भदौमा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघले रिक्त रहेको जिल्ला तथा नगर उपाध्यक्ष पदको निर्वाचन भदौ १९ गते गर्ने भएको छ। महासंघको कार्यकारिणी समितिको बैठकले भदौ १९ गते निर्वाचन गर्ने निर्णय गरेको हो। निर्वाचनको लागि भदौ १२ गते उम्मेदवारी दर्ताको समय दिइएको छ।

उद्योग वाणिज्य महासंघको ५१ साधारणसभाबाट निर्वाचित उपाध्यक्ष प्रमोद श्रेष्ठ बेनी नगरपालिकाको मेयर पदमा पराजित हुनुभएको थियो भने यता मेयरको पराजयसँगै महासंघको उपाध्यक्ष पदसमेत गुमेको थियो। उद्योग वाणिज्य महासंघको विधान २०४९ (छैठौं संशोधन)को दफा ४६ को उपदफा ३मा कार्यकारी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त भएमा वा निर्वाचित भएमा पद रिक्त उल्लेख छ। सोही दफाको (छ) मा सक्रिय रुपमा कुनै पनि राजनीतिमा लागेमा समेत पद रिक्त हुने उल्लेख छ। सोही विधानको अनुसार श्रेष्ठ निलम्बनमा परेको महासंघले जनाएको थियो।

महासंघको दुई कार्यकाल कार्यकारिणी सदस्य रहेर काम गरेका श्रेष्ठले दुई महिनाअगाडि भएको महासंघको निर्वाचनबाट किशोर प्रधान समूहबाट श्रेष्ठले हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा प्यानलका दिनेश श्रेष्ठलाई ७ मतले पराजित गर्नुभएको थियो। श्रेष्ठ किशोर प्रधान समूहबाट जित्ने एकमात्र उम्मेदवार रहनुभएको थियो। एमालेबाट उम्मेदबार बनेका श्रेष्ठ नेपाली कांग्रेसका हरि श्रेष्ठसँग ४१ मतले पराजित हुनुभएको थियो।

भदौ १९ मा निर्वाचन र भदौ १२ मा उम्मेदवारी दर्ताको समय तोकिएपछि महासंघमा जिल्ला नगरको उपाध्यक्षका लागि चुनावी सरगर्मी बढ्न थालेको छ।

# महासंघद्वारा राष्ट्र बैंकलाई ध्यानाकर्षण

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघले भारतबाट पैठारी हुने कच्चा पदार्थको भुक्तानी विदेशी परिवर्त्य मुद्रामा हुने हालको व्यवस्थालाई निरन्तरता दिनुपर्नेमा जोड दिएको छ।

महासंघले बिहीबार नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाललाई भेटेर सो विषयमा जोड दिएको हो।

महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वको प्रतिनिधिमण्डले गभर्नर नेपाललाई भेट्का हुन्।

सो अवसरमा महासंघले भारतमा जीएसटी लागू भएपछि नेपाल पैठारी हुने सामग्रीको एलसी डकुमेन्टमा एआरई वान फर्मको सट्टा जीएसटी बिल संलग्न हुने भएकाले एलसीमा लेखिने वाक्यमा आवश्यक संशोधन हुनुपर्ने विषयमा पनि ध्यानाकर्षण गराए।


हाल वाणिज्य बैंकहरुको पूँजी वृद्धि भएको र रिजर्भमा समेत रकम भएकाले सहवित्तीयकरणको हालको रु. एक अर्बको सीमामा वृद्धि गरिनुपर्ने पनि महासंघले ध्यानाकर्षण गराएको थियो।

त्यसैगरी एकै दिनमा सयौंलाई भुक्तानी दिनुपर्ने रेमिट्यान्स काउन्टरहरुलाई दैनिक १० लाखसम्मको मात्र भुक्तानीको सिमा तोकिँदा यसले बैंकिङ च्यानलबाट आएको रेमिट्यान्स निरुत्साहित हुने र गैरबैंकिङ रेमिट्यान्स फस्टाउने हुँदा उक्त सीमा हटाउनेतर्फ विशेष पहल हुनुपर्ने महासंघको सुझाव रहेको छ।

त्यस्तै युसेन्स लेटर अफ क्रेडिटलाई सञ्चालनमा ल्याइनुपर्ने, जलविद्युत् क्षेत्रमा बैंकहरुले लगानी वृद्धि गर्नुपर्ने विषयमा पनि राष्ट्र बैंकको ध्यानाकर्षण गराएको बताइएको छ।

आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा उल्लेख भएको निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सवारीको मूल्यांकनको बैंकले ६५ प्रतिशत लगानी गर्न सक्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्नेलगायतका सुझावहरु दिइएको थियो।

सो अवसरमा गभर्नर डा. नेपालले महासंघका तर्फबाट आएका सुझावहरुलाई आफूले सकारात्मक रुपमा लिएको बताउँदै अर्थतन्त्रको आकारमा भएको वृद्धि र अर्थतन्त्रलाई थप गतिशीलता प्रदान गर्नका लागि राष्ट्र बैंकका तर्फबाट गरिनुपर्ने सुधारका लागि कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।




# ठमेलमा ग्लोबल आईएमईको एटीएम

**नेपाल समाचारपत्र**

काठमाडौं

ग्लोबल आईएमई बैंकले राजधानीको ठमेलमा नयाँ एटीएम सेवा थप गरेको छ।

ठमेल घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गर्दै बैंकले ठमेल सातघुम्तीस्थित होटल गरुडामा रहेको एटीएम लाउन्जबाट आफ्नो एटीएम सेवा शुरू गरेको हो।

नयाँ सेवा थप भएसँगै ग्लोबल आईएमई बैंकको एटीएमको संख्या १ सय १६ पुगेको छ। सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले १ सय १२ वटा शाखा ५ वटा एक्सटेन्सन काउन्टर, १४ वटा राजस्व संकलन काउन्टर र ४६ वटा शाखारहित बैंकिङ सेवामार्फत ७ लाखभन्दा बढी ग्राहकमाझ सेवा प्रदान गर्दै आइरहेको छ।

# टीभीएस मोटर कम्पनीको उत्पादन बजारमा

काठमाडौं, (नेस)



टीभीएस मोटर कम्पनीले टीभीएस स्ट्राइकर १२५ नेपाली बजारमा ल्याएको छ। दुई तथा तीन पाङ्ग्रे सवारी निर्माण गर्ने कम्पनी टीभीएसले नेपाली बजारमा यसका उत्पादनद्वारा टीभीएस मोटर कम्पनीको प्रभावहरु बलियो हुने जनाएको छ।

जगदम्बा मोटर्सका प्रबन्ध निर्देशक शाहिल अग्रवाल तथा नायक निखिल उप्रेतीले बिहीबार उक्त मोटरसाइकल बजारमा सार्वजनिक गर्नुभएको हो। त्यस्तै कम्पनीले नायक निखिल उप्रेतीलाई ब्रान्ड एम्बेस्डरका रुपमा प्रस्तुत गरेको छ। जगदम्बा मोटर्स नेपालका लागि टीभीएस मोटर कम्पनीको आधिकारिक विक्रेता हो।

टीभीएस कम्पनीका उपाध्यक्ष आर. दिलीपका अनुसार उक्त मोटरसाइकलले युवा नेपालीहरुको मागलाई पूर्णरुपमा सन्तुष्टि दिने बताउनुभयो। 'कम इन्धन खपत र शक्तिको सही मिश्रण भएकाले टीभीएस स्ट्राइकर १२५ नेपाली बाटोमा उपयुक्त रहनेछ।' -उहाँले भन्नुभयो। यसको टोर्क ५ हजार ५ सय आरपीएममा १० दशमलव ८ एनएम बताइएको छ।

एक लिटरमा ६७ किलोमिटर माइलेज दिने यस बाइकलाई आफ्नो श्रेणीमा उत्कृष्ट मानिन्छ। बेग्लै ट्याङ्क आकार र रङहरुको मिश्रणले यसको आकर्षण अझ बढाउँछन्।




## कलर्स मोबाइलको उत्पादन बजारमा

काठमाडौं, (नेस)

मोबाइल कम्पनी कलर्स मोबाइलद्वारा नेपाली बजारमा दुई नयाँ मोबाइल सेट पी ४५ र पी ५५ लाई प्राइड सिरिजअन्तर्गत बजारमा ल्याएको छ। यी दुई नयाँ सेटले हाल बजारमा पाइने उही मूल्य बराबरका मोबाइलहरुको दाँजोमा उत्कृष्ट सेल्फी फोटोको अनुभूति दिने कम्पनीले जनाएको छ।

नयाँ सेटका सम्बन्धमा जानकारी दिँदै कलर्स मोबाइलका प्रमुख कार्यकारी अधिकृत सञ्जय अग्रवालले हरेक मोबाइल सेटमा जडित क्यामराको गुणस्तर उत्कृष्ट हुनुपर्ने परम्परा नै बसेको बताउनुभयो। अग्रवालले भन्नुभयो- 'सेल्फी एक अपेक्षा हो जुन आजका मोबाइल पुस्तामा विद्यमान छ र उपभोक्ताहरुमा हिजोआज प्रचलित यिनै परम्परालाई मनन गर्दै खास सेल्फी फोटोका लागि पी४५ र पी५५ मोबाइल बजारमा ल्याएका हौं।' पी४५ मोबाइलको पछाडि ५ मेगा पिक्सल क्षमताको क्यामरा र अगाडि २ मेगा पिक्सलको क्यामरा जडान गरिएको छ भने पी ५५ मा पनि दुवै भागमा फ्ल्याससहित यही गुणस्तरका क्यामरा रहेका छन्। यसका अलावा यी सेटको उत्पादनका प्याकेजिङहरुमा नेपालका स्मारकहरुको चित्रलाई आकर्षक तवरले सजाइएका छन्।

## सीधै रोजगारी दिने मेला आज

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय 'जब एन्ड करिअर फेयर' शुक्रबार राजधानीमा शुरू हुने भएको छ। भारतको आसाम डाउन टाउन विश्वविद्यालयको सहयोगमा अधिकारी क्रियटिभ कन्सर्नले उक्त मेला आयोजनामा गर्न लागेको हो।

रोजगारीको खोजीमा रहेका शिक्षित युवायुवतीहरुलाई लक्षित गरेर लक्ष्मी एजुकेसनल कन्सल्टेन्सीको प्रायोजनमा हुन लागेको सो मेला दुई दिनसम्म चल्ने छ। मेला भृकुटी मण्डपस्थित महेन्द्र पुलिस क्लबमा मेला हुनेछ। एसएलसीपछि तीन वर्षीय डिप्लोमा, स्नातक तथा स्नातकोत्तर पढेका विद्यार्थीलाई रोजगार दिन रोजगारदाताहरु मेलामा सहभागी हुनेछन्। मेलामा नेपाल र भारतका विभिन्न प्रख्यात कम्पनीहरुले सीधै रोजगारीको अवसर दिने छन्। भारतका प्रतिष्ठित कम्पनी रिलाइन्स जिओ र र्‍याडिसन होटल मेलामा सहभागी हुनेछन्। उक्त कम्पनीले नेपालबाट इलेक्ट्रोनिक्स इन्जिनियरलाई मेलामा आउने युवा युवतीलाई छनोट गरेर रोजगारीको अवसर दिनेछ।